का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ माघ २०८२
सोमबार
9 February 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २४, अंक १८। पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



## उत्कृष्ट प्रदर्शन निस्केन नतिजा

सन् २०२४ मा भएको टी-२० विश्वकपमा नेपाल साउथ अफ्रिकासँग १ रनले पराजित भएको थियो । अहिले सो हारलाई सम्झाउने गरी नेपाल इंग्ल्यान्डविरुद्ध जितनजिक पुगेर पनि हार बेहोर्न बाध्य भयो ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ माघ

आइसिसी टी-२० विश्वकप २०२६ को आफ्नो पहिलो खेलमा नेपाल दुईपटकको विश्वविजेता इंग्ल्यान्डसँग पराजित भएको छ। मुम्बईस्थित वाङ्खेडे रंगशालामा भएको खेलमा नेपाल इंग्ल्यान्डसँग ४ रनले पराजित भएको हो ।

सन् २०२४ मा भएको टी-२० विश्वकपमा नेपाल साउथ अफ्रिकासँग १ रनले पराजित भएको थियो। अहिले सो हारलाई सम्झाउनेगरी नेपाल इंग्ल्यान्डविरुद्ध जितनजिक पुगेर पनि हार बेहोर्न बाध्य भयो।

इंग्ल्यान्डले दिएको १ सय ८५ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ८० रन मात्रै बनाउन सक्यो। जितका लागि नेपाललाई अन्तिम ओभरमा १० रन चाहिएको थियो। तर इंग्ल्यान्डका बलर साम करनले उत्कृष्ट बलिङ गरेपछि नेपालले अन्तिम ओभरमा ५ रन मात्रै बनाउन सक्यो।

विस्तृत समाचार पृष्ठ ९ मा



## निर्वाचनका एक्ला चुनौती दुर्गा प्रसाईं

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ माघ

केहीअघिसम्म दुर्गा प्रसाईंको परिचय मेडिकल व्यवसायी मात्र थियो । झापामा मेडिकल कलेजको सम्बन्धन पाउन खाएको हन्डरले उनलाई हेर्दाहेर्दै राजनीतिमा तान्यो । राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक प्रसाईं अहिले २१ फागुनको चुनावका लागि एक्ला संगठित चुनौती बनेका छन्। माघ महिनामा मात्र उनी दुईपटक गिरफ्तार भए । २३ माघमा पक्राउ परेका प्रसाईंलाई प्रहरीले आइतबार साँझ हाजिरी जमानीमा रिहा गरेको छ ।

जेनजी आन्दोलनलगत्तै अन्तरिम सरकार गठनको कसरत चल्दै गर्दा मुख्य राजनीतिक दलका शीर्ष नेताहरू कोही सैनिक ब्यारेकमा थिए त कोही अर्धभूमिगतजस्तै थिए । त्यति संवेदनशील अवस्थामा नेपाली सेनाका प्रधान सेनापति अशोकराज सिग्देलले प्रसाईंलाई मुख्यालयमै बोलाएर परामर्शसमेत लिए । जेनजी अगुवाहरू भने प्रसाई र रास्वपालाई आन्दोलनको सरोकारवाला मान्न तयार भएनन् । जंगी अड्डाबाट निस्केर आफूलाई प्रधानमन्त्रीको अफर आएको बताएका उनै प्रसाई अहिले सरकारको ठूलो टाउको दुखाई बनेका छन् ।

प्रसाईंले सार्वजनिक रूपमा २१ फागुनको प्रतिनिधि सभा सदस्य निर्वाचन कुनै हालतमा नहुने बताइरहेका छन् । पृष्ठ २ मा

# केन्द्रमा झापा कोशीभर तरंग

## पुरानालाई ब्रेक लगाउने कोसिस



समग्र कोशी प्रदेशमै नयाँ दल र पुराना दलको भाष्य स्थापित गर्ने कोसिस एकातिर छ । अर्कोतिर नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टीलगायतका दलहरू नयाँ दलसँग वैचारिक स्पष्टता नरहेको र चुनावी एजेन्डामा प्रस्टता नरहेको भनेर प्रश्न गरिरहेका छन् ।






**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ माघ

झापा ५ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार बालेन्द्र शाह (बालेन) आइतबार चुनावी प्रचारका क्रममा दमक वडा नम्बर ५ स्थित नेकपा एमालेको कार्यालयमा पुगे । एमालेले केपी शर्मा ओलीको चुनावी प्रचारका लागि स्थापना गरेको कार्यालयमा पुगेका बालेनले कार्यालयमा रहेकाहरूसँग हात मिलाए र एकछिन गफिए ।

उक्त दृश्य जति सौहार्द थियो त्यति नै झापा ५ मा चुनावी प्रतिस्पर्धा छ । २०४८ सालयताका एउटाबाहेक सबै चुनाव जित्दै आएका ओली यसपटक पनि उम्मेदवार छन् । ओलीलाई हराउन भनेर बालेन पनि झापामै चुनाव लड्न पुगेका छन् । तीनपटक प्रधानमन्त्री भएर मुलुक हाँकिसकेका अनुभवी ओली पार्टीबाट भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिएका छन् । पहिलोपटक संसदीय चुनाव लड्दै गरेका बालेनलाई पनि राष्ट्रिय स्वतन्त्र पार्टीले भावी प्रधानमन्त्रीकै रूपमा प्रस्तुत गरेको छ । दुई भावी प्रधानमन्त्रीको प्रतिस्पर्धा भएकाले पनि झापा ५ देशभर चर्चित छ ।

झापा ५ मात्रै होइन, समग्र कोशी प्रदेशमै नयाँ दल र पुराना दलको भाष्य स्थापित गर्ने कोसिस एकातिर छ । अर्कोतिर नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टीलगायतका दल नयाँ दलसँग वैचारिक स्पष्टता नरहेको र चुनावी एजेन्डामा प्रस्टता नरहेको भनेर प्रश्न गरिरहेका छन् ।

एमाले अध्यक्ष ओली र रास्वपाका नेता बालेनले कोशीबाटै देशभर तरंग पैदा गर्दै छन् । विगतमा पनि यी दुई नेता आमुनेसामने हुँदै आएका थिए । चुनावमा प्रतिस्पर्धी भएपछि अझ उनीहरूका गतिविधिले देशभर अर्थ राख्दै आएको छ ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको प्रतिनिधि बनेर बालेन झापा झर्दा तत्कालीन प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओलीलाई सहज छैन । झापा-५ मात्र नभई विगतका निर्वाचनमा नेपाली कांग्रेस र नेकपा एमालेबीच प्रतिस्पर्धा भएको कोशी प्रदेशमै यसपटक फरक दृश्य देखिएको छ । जेनजी आन्दोलनपछि हुन लागेको यो निर्वाचनमा नयाँ राजनीतिक दल तथा समूह सक्रिय छन् । परम्परागत पृष्ठ २ मा

# ३२ दलले पाएनन् ५ बढी उम्मेदवार

१ सय ६५ सिटका लागि ६८ दलबाट र स्वतन्त्रसमेत गरी ३ हजार ४ सय ६ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । यसमध्ये पाँच सिटसम्म मात्रै उम्मेदवारी दिने दलको संख्या ३२ रहेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ माघ

२१ फागुनको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा ६८ वटा राजनीतिक दल प्रत्यक्षतर्फ प्रतिस्पर्धामा छन्। उनीहरूमध्ये यस्ता दल पनि जसले प्रत्यक्षतर्फ एक सिटमा मात्रै उम्मेदवारी दिएका छन्। २ सय ७५ सदस्यीय प्रतिनिधि सभामा १ सय ११० जना समानुपातिकतर्फबाट निर्वाचित हुन्छन् भने प्रत्यक्ष निर्वाचनबाट १ सय ६५ जना निर्वाचित हुन्छन्।

निर्वाचन आयोगका अनुसार १ सय ६५ मध्ये पाँचवटा निर्वाचनसम्म मात्रै उम्मेदवारी दिने दलको संख्या ३२ रहेको छ। एउटा सिटमा मात्रै उम्मेदवारी दिने दल नौवटा छन्। राष्ट्रिय साझा पार्टी, राष्ट्रिय सद्भावना पार्टी, राष्ट्रिय नागरिक पार्टी, राष्ट्रिय जनता पार्टी नेपाल, नेपाल मातृभूमि पार्टी, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी), देशभक्त समाज, गान्धीवादी पार्टी नेपाल र इतिहासिक जनता पार्टीले एक/एकवटा निर्वाचन क्षेत्रमा मात्रै उम्मेदवार खडा गरेका छन्।

तीनवटा दलले दुई सिटमा उम्मेदवारी दिएका छन्। स्वाभिमान पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र नेपाली जनश्रमदान संस्कृति पार्टीले दुई/दुई सिटमा उम्मेदवारी दिएका हुन्।

तीन सिटमा उम्मेदवारी दिने दलको संख्या १० रहेको छ। समावेशी समाजवादी पार्टी नेपाल, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, राष्ट्रिय ऊर्जाशील पार्टी नेपाल, युनाइटेड नेपाल डिमोक्र्याटिक पार्टी, बहुजन शक्ति पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल, नेपाल जनता संरक्षण पार्टी, नागरिक सर्वोच्चता पार्टी नेपाल, त्रिमूल नेपाल र गतिशील लोकतान्त्रिक पार्टीले तीन/तीन सिटमा मात्रै उम्मेदवारी दिएका हुन्।

गतिशील लोकतान्त्रिक पार्टी पार्टीका संस्थापक वीरेन्द्रबहादुर बस्नेत हुन् भने अध्यक्षमा समाजशास्त्री दिनेश प्रसाईं छन्। वीरेन्द्रबहादुर बस्नेत बुद्ध एयरका सञ्चालक हुन्।

निर्वाचन आयोगको विवरणअनुसार पाँचवटा पार्टीले चार सिटमा मात्रै उम्मेदवारी दिएका छन्।

राष्ट्रिय जनमत पार्टी, पिपुल फर्स्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी (पुष्पलाल), जनादेश पार्टी नेपाल र जनता लोकतान्त्रिक पार्टी नेपालले चार सिटमा मात्रै उम्मेदवारी दिएका हुन्। पाँचवटा राजनीतिक दलले पाँचवटा मात्रै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएका छन्। समावेशी समाजवादी पार्टी, राष्ट्रिय एकता दल, नेपाली जनता दल, नेपाल पृष्ठ २ मा




**वैदेशिक रोजगार विशेष**

# बढ्यो माग, प्रमाणीकरण नहुँदा समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ माघ

**मलेसिया रोजगारी**

मलेसियाका रोजगारदाताले नेपाली कामदारका लागि माग बढाएका बेला सो अनुसार नेपाली दूतावासबाट मागपत्र प्रमाणीकरण हुन नसकेको गुनासो बढेको छ। मलेसियाका रोजगारदाताले पछिल्ला दिनमा उत्पादन क्षेत्रको रोजगारीका लागि ठूलो संख्यामा नेपाली कामदार माग गर्न थालेका छन्।

त्यसमध्ये धेरै माग नेपाल सरकारले तोकेअनुसार 'फ्रि भिसा फ्रि टिकट' अर्थात् 'इम्प्लोइ पे मोडल' अन्तर्गत भर्ना प्रक्रियामा कामदारको कुनै लागत नलाग्ने डिमाण्ड रहेका छन् । त्यस्ता डिमाण्डमा जान पाउने कामदारले चर्को ब्याज र ऋणको पासोबाट राहत पाउने अपेक्षा गरिन्छ ।

मलेसिया कामदार पठाउँदै आएका म्यानपावर व्यवसायीले मागपत्र प्रमाणीकरणका लागि दूतावासले तोकेको दस्तुर रोजगारदाताका तर्फबाट दाखिला गरेर मागपत्र प्रमाणीकरण गर्न नपाउँदा दूतावासमा नेपाली कामदारका माग थुप्रिएको बताएका छन् । कामदारको मागपत्र प्रमाणीकरण १ देखि २५ कामदारको भए १२ सय रिंगेट, २६ देखि सय जना कामदारको १४ सय ५० तथा १०१ र सोभन्दा माथि कामदारको संख्या भए १७ सय रिंगेट शुल्क बुझाउनुपर्ने व्यवस्था छ।

मागपत्र प्रमाणीकरणमा कुनै त्रुटि भए त्यसलाई सच्याउन थप ५ सय रिंगेट बुझाउनुपर्ने व्यवस्था छ। नेपालका व्यवसायीले रोजगारदाताका तर्फबाट कामदार छनोट र करारपत्रमा कम्पनीको तर्फबाट हस्ताक्षर गर्न अख्तियारी पाएका हुन्छन्। पृष्ठ २ मा

## युरोप पठाइदिने भन्दै ठग्ने दुई पक्राउ

**काठमाडौं/मस-** विभिन्न युरोपेली मुलुकमा वैदेशिक रोजगारीमा पठाउने आश्वासन दिएर ठगेको उजुरीका आधारमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले कैलालीको टीकापुर नगरपालिका-१ घर भई हाल ललितपुर महानगरपालिका-११ बस्ने २३ वर्षीय युवराज कुँवर र काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-१२ घर भई हाल काठमाडौं महानगरपालिका-८ बस्ने ४३ वर्षीया उपासना भण्डारीलाई पक्राउ गरेको हो ।

भण्डारीले क्रोएसिया पठाउने भन्दै १२ लाख तथा कुँवरले ग्रीस पठाउने भन्दै १९ लाख रुपैयाँ लिएर फरार भएको पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# आयोगले ९ प्रकारका सामग्री पठाउने

**काठमाडौं/मस**–आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले ९ प्रकारका निर्वाचन सामग्री केन्द्रबाटै पठाउने भएको छ । आयोगले ९ प्रकारका निर्वाचन सामग्री केन्द्रबाट पठाउने र ३७ प्रकारका निर्वाचन सामग्री जिल्लामा व्यवस्थापन गर्ने गरी तयारी गरेको सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिए ।



आयोगबाट प्रत्येक निर्वाचन क्षेत्रमा पठाइने सामग्रीमा तालिम र मतदान केन्द्रका लागि सुरक्षणशील, छेकाबारा, नउड्ने मसीको मार्कर, स्ट्याम्प प्याड, प्याडको मसी, दुई प्रकारका स्वस्तिक छाप र मतपेटिका स्टीकर रहेको उनले उल्लेख गरे ।

यसैगरी जिल्लामा व्यवस्थापन गरिने निर्वाचन सामग्रीमा सिलिङ बक्स, अनुसूची फारम, पुसपिन, डायरी (पोल बुकको काम गर्ने), मार्कर पेन, स्केल, स्टापलर मेसिन, स्टाप्लर पिन, स्कीसर्स, ग्लुस्टिक, सोसर (काउन्टिङ डम्पर), पञ्चिङ मेसिन, परिचयपत्र होल्डर, भित्री र बाहिरी कार्ड, पुरुष र महिला कार्ड, मतदाता क्रमसंख्या, मतदान केन्द्र कार्ड, प्लास्टिक झोला, बोरा, सुतली र प्याकिङ टेप रहेका छन् ।

त्यस्तै नेपाली कागजको खाम (१० बाइ १५ इन्च), नेपाली खाम कपडा भएको (निबिदा मतपत्र राख्ने), सेतो कागज (ए४) ३० पाना, रेकर्ड फाइल (फित्तासहित), धागो, सियो, खाप्सियो, फलाटिन कपडा, सलाइ, कोरा कपडा (दुई मिटरको टुक्रा), जेल पेन कालो र रातो एवं चार वटाको मैनबत्ती प्याकेट पनि जिल्लामै व्यवस्थापन गरिने निर्वाचन सामग्रीका रुपमा सूचीकृत गरिएको आयोगले जनाएको छ ।

### केन्द्रमा...

राजनीतिक दलप्रतिको वितृष्णा र अविश्वासका कारण नयाँ भनिएका दलहरूप्रति जनदबाब बढ्दो छ ।

कोशी प्रदेशका धेरै जसो जिल्लामा अझै पुरानैको वर्चस्व रहे पनि नयाँहरूप्रतिको आकर्षणले प्रतिस्पर्धामा फरक परिणाम निकाल्न सक्ने आशा गरेका छन् । यो प्रदेशबाट रास्वपाले गत निर्वाचनमा प्रत्यक्षतर्फ एक सिट जितेन । पहाडी जिल्लामा रास्वपाको मत निकै कम मत आए पनि इलाम, झापा, मोरङ, सुनसरीलगायत क्षेत्रबाट समानुपातिकमा प्रतिस्पर्धी बनेर आएको थियो । यसपटकको निर्वाचनमा रास्वपाले सोही मत जोगाएर नयाँ मतदाता थप्ने प्रयासमा छ । पछिल्लो समय बढ्दै गएको नयाँप्रतिको ह्विम र पुराना भनिएका दलप्रतिको वितृष्णाका कारण स्विङ मत बटुलेर रास्वपाले बाजी मार्ने रणनीतिमा छ।

माघ ५ गते काठमाडौं महानगरपालिकाबाट राजीनामा दिएर झापा झरेका बालेनले ६ गते मनोनयन दर्ता गरेर निर्वाचन क्षेत्रमा एक फन्को लगाए । एमाले अध्यक्ष ओली पनि एक हप्ता झापा बसेर चुनावी अवस्था विश्लेषण गर्दै नयाँ रणनीतिका साथ अहिले मतदाता केन्द्रित अभियानमा छन् । ओली २०४८ सालयता सोही क्षेत्रबाट उम्मेदवार बन्दै आएका छन्।

लोकप्रियताको बाढी लिएर आएका बालेन यसबीचमा झापा हुँदै कोशी प्रदेशका धेरैजसो जिल्लामा टेकेर फर्केका छन्। उनले ताप्लेजुङको पाथीभरा, खोटाङको हलेसीदेखि कोशीको खुवालुङसमेत दर्शन गरे । त्यस्तै, धर्मगुरुहरू समेत भेटेर आर्शिवाद लिइसकेका छन् । रास्वपाको क्रेज सबैजसो जिल्लामा देखिँदा बालेनको दौडधुपले रास्वपालाई थप राहत पुगेको नेताहरूले बताएका छन् । त्यस्तै, हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले पनि पुराना दलकै मत काट्ने पक्का छ । सो दलले १४ वटै जिल्लामा जातीय मतको केही अंश आफ्नो पक्षमा पार्ने विश्लेषण छ ।

यो प्रदेश मुख्यतयाः नेकपा एमालेका लागि राष्ट्रिय राजनीतिमा भरथेग गर्ने बलियो क्षेत्र हो । तर यसपटक एमाले र कांग्रेसका लागि कोशी प्रदेशमा क्षति हुने देखिन्छ । खासगरी परिवर्तनका नाममा पछिल्लोपटक आएको बाढी र जातीय राजनीतिक तरंगले एमाले कांग्रेसको प्रतिस्पर्धामा ब्रेक लाग्ने देखिन्छ । गत जेनजी आन्दोलनका बेला सरकारको नेतृत्व गरेको नेकपा एमालेले सो आन्दोलनलाई अस्वीकार गर्दा देशभरको मत खस्किएको छ । त्यसको प्रभाव कोशी प्रदेशमा समेत परेको छ । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको साझेदार दल नेपाली कांग्रेसले जेनजी आन्दोलनको भावनालाई स्वीकार गर्दै विशेष महाधिवेशनमार्फत् नीति र नेतृत्व परिवर्तन गरेर चुनावमा गएका कारण उसलाई केही राहत मिले पनि अघिल्लो निर्वाचनजस्तो सहज छैन । अहिले सबैजसो क्षेत्रमा कांग्रेस-एमाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेकपाबीच तीव्र प्रतिस्पर्धामा छ । रास्वपा ओखलढुंगाका उम्मेदवार विश्वराज पोखरेलले पछिल्लोपटक मतदातामा परिवर्तनको लहर देखिएको दाबी गर्छन् ।

यद्यपि, उनको दाबीप्रति ओखलढुंगाका प्रतिस्पर्धी उम्मेदवार र दलहरूले हल्का लिएका छन् । कांग्रेस-एमाले र नेकपाका स्थानीय नेताहरूले रास्वपालाई चौथो हुने आँकलन गरेका छन् । ‘रास्वपाका उम्मेदवार जिल्लामा परिचित व्यक्ति पनि होइनन् र रास्वपा संगठनका हिसाबले ओखलढुंगामा प्रतिस्पर्धी दल होइन,’ खिजीदेम्बा गाउँपालिकाका पूर्वअध्यक्ष वेदबहादुर रोकाले भने । २०७९ को प्रतिनिधि सभा निर्वाचनमा कोशी प्रदेशबाट नेकपा एमाले पहिलो दल बनेको थियो भने नेपाली कांग्रेस दोस्रो स्थानमा थियो । एमाले १३ सिट प्रत्यक्ष निर्वाचित हुँदा कांग्रेसले ९ सिट पाएको हो । कांग्रेससँगको चुनावी गठनबन्धनमा रहेको नेकपा माओवादीका तीन जना उम्मेदवारले जितेका थिए । भोजपुरमा त कांग्रेसकै निर्वाचन चिह्नबाट माओवादीका उम्मेदवार सुदन किरातीले चुनाव जितेका हुन् ।

प्रदेशका १४ जिल्लाका २८ वटा निर्वाचन क्षेत्रमध्ये ताप्लेजुङ, पाँचथर, इलाम १ र २, झापा २, ४ र ५, उदयपुर २, मोरङ २, सुनसरी २ र ३, धनकुटा र सोलु गरी १३ क्षेत्रबाट एमालेका उम्मेदवार निर्वाचित भएका थिए । त्यस्तै, उदयपुर १, ओखलढुंगा, झापा १, संखुवासभा, तेह्रथुम, मोरङ १, ३ र ६, सुनसरी ४ बाट कांग्रेसले जितेको थियो । त्यस्तै, भोजपुर खोटाङ र मोरङ ५ बाट कांग्रेससँगको गठबन्धनमा रहेको नेकपा माओवादीका उम्मेदवारले जितेका थिए। झापा ३ मा राप्रपाले जित्दा सुनसरी १ मा जसपा र मोरङ ५ बाट स्वतन्त्र उम्मेदवारले जित निकालेका थिए। त्यसबेला राष्ट्रिय स्वतन्त्र पार्टीले कोशीबाट एक सिट पनि जितेन। तर समानुपातिकमा भने प्रतिस्पर्धात्मक मत आएको थियो ।

ओली-बालेनको प्रतिस्पर्धाका कारण कोशी प्रदेशमा सबैभन्दा बढी झापा-५ चर्चामा छ भने झापा २ मा गत संसदका सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा रानाबीचको प्रतिस्पर्धा पनि रोचक हुने देखिन्छ । त्यस्तै, एमालेको सहयोगमा सधैं राप्रपाले जित्ने झापा ३ लाई समेत यसपटक महत्वका साथ हेरिएको छ । यो क्षेत्रमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले प्रतिस्पर्धा गर्दै छन् । लिङ्देनलाई २०७४ र २०७९ सालमा एमालेले सघाएको थियो। यसपटक पनि लिङ्देन र ओलीबीच आन्तरिक एकता हुने सम्भावना बलियो छ। झापा-५ बाट आफ्नो जित सुरक्षित गर्न ओलीले लिङ्देनको सहयोग लिएर झापा ३ मा लिङदेनलाई सघाउनेगरी आन्तरिक छलफल भइरहेको बताइएको छ ।

त्यस्तै, नेपाली कांग्रेसका शीर्ष नेता डा. शेखर कोइराला उम्मेदवार भएकाले मोरङ-६ लाई पनि महत्वका साथ हेरिएको छ। अघिल्लो निर्वाचनको तथ्यांकले मोरङ-६ मा कांग्रेस तुलनात्मक रूपमा बलियो रहेको देखाउँछ । समानुपातिकतर्फ कांग्रेसले २३ हजार ७ सय १० मत ल्याउँदा एमालेले १९ हजार ३ सय ८९ मत प्राप्त गरेको थियो। तेस्रो स्थानमा रहेको रास्वपाले ११ हजार ५ सय २६ र चौथो स्थानको राप्रपाले १० हजार ६ सय ४१ मत ल्याएका थिए । तत्कालीन माओवादी पाँचौं स्थानमा सीमित थियो ।

कांग्रेस-माओवादी गठबन्धनका उम्मेदवार डा. शेखर कोइरालाले ३५ हजार २ सय २४ मत प्राप्त गरेका थिए। एमालेका उम्मेदवार लालबाबु पण्डितले २२ हजार ९ सय ४६ मत ल्याउँदा रास्वपाका यादवकुमार प्रधानले ९ हजार १ सय ४० मत पाएका थिए। यसपटक कांग्रेसका शेखर कोइराला, एमालेका विनोद ढकाल र रास्वपाका रुविना आचार्यबीच प्रतिस्पर्धा रोचक हुने स्थानीय नेता कार्यकर्ताहरूले बताएका छन्। किनकि यसपटक कुनै दलबीच औपचारिक चुनावी गठबन्धन छैन। एक्लैएक्लै प्रतिस्पर्धा गरेका पुराना दलको आन्तरिक कलहभित्र खेलेर रास्वपालगायत नयाँ दल र समूहले फाइदा लिने योजनामा छन् ।

गत प्रदेश सभा निर्वाचनमा रास्वपाले भाग लिएको थिएन। त्यसबेला कोशी प्रदेश सभामा प्रत्यक्षतर्फ २५ र समानुपातिकतर्फ १५ गरी ४० सिट एमालेले ल्याएको थियो।

त्यस्तै, नेपाली कांग्रेस प्रत्यक्षतर्फ १७ र समानुपातिकतर्फ १२ सिट गरी २९ सिटसहित दोस्रो दल बन्यो । नेकपा माओवादी केन्द्र १३, राप्रपा ६, नेकपा एस ४, जसपा १ सहित ६ वटा दल प्रदेश १ को प्रादेशिक पार्टी भएका थिए । यो तथ्यांकले नयाँलाई आगामी निर्वाचन सजिलो छैन । तर स्वस्फुर्त मत बदल्ने ह्विमले कोशीमा रास्वपा र श्रम संस्कृति पार्टीसमेत आशावादी छन् ।

### निर्वाचनका...

चुनावअघि हिन्दू अधिराज्य घोषणा गर्नुपर्ने उनको माग छ। सरकारले पटकपटक उनीसँग औपचारिक/अनौपचारिक वार्तासमेत गरेको छ । लघु वित्त र साना ऋणीसम्बन्धी उनका मागहरूप्रति सकारात्मक भए पनि उनका राजनीतिक माग पूरा गर्न सक्ने स्थितिमा सरकार छैन। प्रसाई भने आफ्ना राजनीतिक गतिविधि बढाइरहेका छन् । गत साता उनको अभियानले चितवनमा गरेको कार्यक्रममा स्थानीय प्रशासनले तोकेको क्षेत्रभन्दा अन्यत्र कार्यक्रम गरेपछि केही समय तनावको स्थितिसमेत सिर्जना भएको थियो ।

यसअघि प्रसाई निर्वाचन आयोगसम्बन्धी विवादास्पद अभिव्यक्तिका कारण पक्राउ परेका थिए । नेपाली कांग्रेसको वैधानिकताको विवादमा निर्वाचन आयोगले घुस खाएर गगन थापा पक्षलाई आधिकारिकता दिएको उनको आरोप थियो। आयोगले सो आरोपको खण्डन गर्दै सरकारसँग सहयोग मागेपछि ५ माघमा उनी पोखराबाट पक्राउ परेका थिए ।

दक्षिणकाली नगरपालिका-चाल्नाखेल हुँदै शुक्रबार मध्यान्ह वीरगन्ज जान लागेका प्रसाई बाटोबाटै पक्राउ परे। उनलाई निजी कारबाट ओरालेर पक्राउ गरिएको थियो । विरगन्जमा हिन्दू राष्ट्र घोषणाका लागि कार्यक्रम गर्न लागेपछि प्रहरीले प्रसाईलाई रोक्ने रणनीति लिएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका डिएसपी कौशल बुढाथोकी नेतृत्वको टोलीले उनलाई नियन्त्रणमा लिएको थियो। केन्द्रीय साइबर ब्युरोका प्रवक्ता एसपी दीपकराज अवस्थीले निर्वाचन आयोगको पत्रका आधारमा उनलाई नियन्त्रणमा लिइएको बताएका छन् । निर्वाचन आचारसंहिता उल्लंघनसम्बन्धी विषयमा अनुसन्धान गर्न पक्राउ गरिएको दाबी गरिएको छ। तर सरकारले प्रसाईमाथि निगरानीमा राखेको विभिन्न घटनाक्रमबाट पुष्टि हुन्छ ।

अघिल्ला निर्वाचनमा कहिले नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा त कहिले पहिचान पक्षधर समूह चुनावी चुनौती थिए । संविधान सभाका दुवै निर्वाचनमा तराई-मधेसका सशस्त्र समूह चुनौती थिए । यसपटक अरू संगठित समूह नभए पनि प्रसाईको अभियानप्रति गृह मन्त्रालय सशंकित छ । गृहनिकट स्रोतका अनुसार, प्रसाईका गतिविधि शंकास्पद छन् भने उनका अभिव्यक्ति भड्काउजन्य छन् । त्यसले चुनावको मुखमा वातावरण खल्बलिने भय सुरक्षा निकायलाई छ। सुरक्षा निकायहरूले प्रसाई समूहलाई सुरक्षा चुनौतीका रूपमा लिएको छ ।

प्रसाईबारे सरकारका दुई रणनीति देखिन्छ। एउटा, वार्ता र संवादबाट उनका माग सम्बोधन गर्ने । तर उनका माग संवैधानिक व्यवस्थाभन्दा बाहिरका छन् । अन्तरिम सरकारले हिन्दू राज्य घोषणा र राजसंस्था पुनर्स्थापना गर्न सक्दैन । तैपनि प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्याल प्रसाईलाई चुनावसम्म ‘इन्गेज’ गर्न चाहन्छन्। त्यसैले प्रधानमन्त्री मात्र होइन, सिंगो क्याबिनेट नै बसेर प्रसाईसँग संवाद गरिरहेको छ । जेनजी आन्दोलनबाट बनेकी प्रधानमन्त्री कार्कीलाई प्रसाईले सुरुमा अशिष्ट टिप्पणीसमेत गरेका थिए । तथापि कार्कीले प्रसाईलाई सिंहदरबारमा बोलाइन्। दुर्गा माताको मूर्ति लिएर उनी प्रधानमन्त्री भेट्न सिंहदरबार गए। अर्को भेटमा भने प्रधानमन्त्री कार्कीले प्रसाईलाई बुद्धको तस्बिर दिइन् । त्यसको अर्थ सरकारले प्रसाईसँग शान्तिपूर्ण गतिविधिको अपेक्षा गरेको सन्देश दिनु थियो । दोस्रो विकल्प भने दायराबाहिर गएर चुनाव भाँड्ने गतिविधि गरे कानुनी कारबाहीका लागि पनि सरकार तयार छ भन्ने सन्देश सरकारले दिइरहेको छ । तीन साताबीचका दुई गिरफ्तारीले त्यही संकेत गर्दछ। गृहमन्त्री अर्याल भने प्रसाई प्रकरणमा खुलेर बोल्न चाहन्नन् । उनको गिरफ्तारीलाई नियमित प्रहरी काम कारबाहीका रूपमा लिनुपर्ने उनको भनाइ छ। ‘यस्ता कुरा गृह मन्त्रालयको नीतिगत तहसम्म आउँदैनन्। ती नियमित कारबाही हुन्,’ अर्यालले चुनावी चुनौतीबारे भने, ‘जिल्ला सुरक्षा समितिले स्थानीय चुनौती विश्लेषण गरेर आवश्यकताअनुसार काम गर्छ। छुट्टै त्यस्तो छैन ।’

### बढ्यो...

रोजगारदाताका तर्फबाट कामदार छनोट तथा करार गर्न पाउने अख्तियारीले दस्तुर बुझाएर मागपत्र पनि प्रमाणीकरण गर्न पाउनुपर्नेमा दूतावासले त्यो सुविधा नदिँदा स्थानीय एजेन्ट प्रयोग गर्नुपरेको उनीहरूले टिप्पणी गरेका छन् । तर दूतावास स्रोतले मागपत्र प्रमाणीकरणका लागि दस्तुर बुझाउने दायित्व रोजगारताको नै हुने बतायो ।

यता वैदेशिक रोजगार विभागले मलेसियाबाट नेपाली कामदारको डिमाण्ड बढेपछि वैदेशिक रोजगारीमा जानुपूर्व प्रदान गरिने अभिमुखीकरण तालिममा सहजीकरण गरिदिएको छ ।

मलेसिया जाने कामदारको संख्या दिनानुदिन बढेको भन्दै विभागले हाल मलेसिया क्लस्टरमा अभिमुखीकरण तालिम प्रदान गरिरहेका तालिम प्रदायक संस्थाहरूबाट मात्रै तालिम सञ्चालन गर्न अपुग देखिएकाले अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ बमोजिमका मापदण्ड पूरा गरेका मान्यता प्राप्त संस्थाहरूले हाल सञ्चालन गरिरहेको क्लस्टर छाडेर नयाँ मलेसिया क्लस्टरमा अभिमुखीकरण तालिम सञ्चालन गर्न इच्छुक भए विभागमा निवेदन दिन आग्रह गरेको छ ।

विभागले मलेसियाको पाठ्य सामग्री र तोकिए बमोजिमको योग्यता भएको प्रशिक्षकको बायोडाटा, विगतमा सञ्चालन गरेका तालिम सम्बन्धमा विभागको अभिलेखमा कैफियत नदेखिएको स्वघोषणा र ३ क्लस्टर परिवर्तन गर्न चाहेको कारणसहितको निवेदन दिन आग्रह गरेको छ ।

### युरोप...

उजुरी परेको थियो । सोही उजुरीका आधारमा प्रहरीले दुवै जनालाई पक्राउ गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए ।

काठमाडौं महानगरपालिका-३१ बाट पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ । प्रहरीले सामाजिक सञ्जाल तथा व्यक्तिगत चिनजानका आधारमा युरोपको रोजगारीमा पठाउने भन्दै ठुलो परिमाणमा रकम उठाउने र सम्पर्कविहीन हुने गरेका घटना लगातार बढेको भन्दै सचेत हुन आग्रह गरेको छ ।

### ३२ दलले...

लोकतान्त्रिक पार्टी र नागरिक उन्मुक्ति पार्टीले पाँच/पाँच सिटमा उम्मेदवारी दिएका हुन् ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार यही माघ ६ गते प्रत्यक्षतर्फको मनोनयन भएको हो । उनले भनेका छन्, ‘१ सय ६५ निर्वाचन क्षेत्रमा ६८ राजनीतिक दल र स्वतन्त्र उम्मेदवार रहेका छन् ।’

उम्मेदवारी दर्ता हुँदा ३ हजार चार ८७ जनाको मनोनयन दर्ता भएको थियो। दाबी विरोध र फिर्तापछि हाल ३ हजार ४ सय ६ जनाको उम्मेदवारी कायम भएको छ । यसमा ६८ वटा दलमध्ये पाँच सिटसम्म मात्रै उम्मेदवारी दिने दलको संख्या ३२ रहेको हो ।

# रेशम चौधरीको रिटमा अन्तरिम आदेश दिन अस्वीकार

**काठमाडौं/मस**–सर्वोच्च अदालतले नागरिक उन्मुक्ति पार्टी, नेपालका संरक्षक रेशमलाल चौधरीलाई कैलाली क्षेत्र नं १ बाट उम्मेदवार बन्न माग गर्दै दायर गरेको रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।



न्यायाधीशद्वय सारङ्गा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले आइतबार उक्त विवादमा सुनुवाइपछि अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो ।

आदेशमा भनिएको छ, ‘उक्त संवैधानिक एवं कानुनी व्यवस्थाको व्याख्या प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाइको बखत हुने हुँदा सुविधा सन्तुलनको दृष्टिबाट मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। नियमानुसार पेस गर्नू।’

कैलाली क्षेत्र नं १ का निर्वाचन अधिकृतले उम्मेदवारी खारेज गर्ने निर्णयविरूद्ध चौधरीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

# खोटाङमा विवाह भोज खाएका बेहुला–बेहुलीसहित सबै बिरामी

**खोटाङ/मस**–जन्तेढुंगा गाउँपालिका-६ दिप्लुङमा विवाह भोज खाएका बेहुला-बेहुलीसहित सबै जना बिरामी भएपछि शिविर राखेर उपचार थालिएको छ। भोज खाएको १२ घण्टापछि सुरुमा ज्वरो आउने र झाडापखाला लाग्ने समस्या देखिएपछि दिप्लुङकै निगालावासस्थित भञ्ज्याङ निवासी रामकुमार राईको घरमा शिविर राखेर उपचार थालिएको छ ।



विवाह भोज खाएकाहरूलाई ‘फुडपोइजन’ भएको आशंका गरिएको स्थानीयवासी वीरबल किरातीले जानकारी दिए । यही माघ २१ गते दिप्लुङमा आयोजित विवाह भोज खाएका स्थानीयवासी माघ २२ गते बेलुकादेखि बिरामी पर्न थालेका हुन् ।

बिरामी परेका स्थानीयको उपचारका लागि गाउँपालिकाको स्वास्थ्य शाखाको आरआरटी टिम, स्वास्थ्य कार्यालय खोटाङ र जनप्रतिनिधिको टोली खटिएका छन् । विवाह भोज खाएका बिरामीको अधिक चाप बढेपछि स्वास्थ्य कार्यालयबाट पनि औषधिसहितको जनशक्ति मगाइएको गाउँपालिका उपप्रमुख खेमबहादुर खड्काले जानकारी दिए ।

स्वास्थ्यमा समस्या आएका स्थानीय उपचारका लागि शिविरमा आउनेजानेक्रम जारी रहेको गाउँपालिकाका सूचना अधिकारी विनय निरौलाले जानकारी दिए। उपचारको माग गर्दै बिरामी सम्पर्कमा आउन थालेपछि गाउँपालिकाले माघ २३ गतेदेखि निगालावास भञ्ज्याङमा भेला गरेर उपचारको व्यवस्था मिलाइएको हो ।

भोज खाएर फर्किएका उदयपुर, काठमाडौंलगायतका पाहुनासमेत बिरामी परेको खबर आएको गाउँपालिकाका अध्यक्ष अरुणादेवी राईले जानकारी दिइन् । ‘शिविरमा अहिले पनि ३५ जनालाई स्लाइनपानी र औषधि दिएर उपचार गरिरहेका छौं । विवाह भोज खाएका सबै बिरामी भएका छन्’, उनले भनिन्, ‘विवाहमा करिब २ सय जनाले भोज खाएको अनुमान गरिएको छ । शिविर सञ्चालन गरेपछि सबैतिरबाट फोन आउन थालेको छ । उनीहरूको उपचारको व्यवस्था मिलाउन पहल भइरहेको छ ।’

केही उपचारपछि घर फर्किएका स्वास्थ्यकर्मीहरूले बताएका छन् । भोजमा भएको ‘फुडपोइजन’को कारण पत्ता लगाउने प्रयास भइरहेको स्वास्थ्य कार्यालयका प्रमुख कुलबहादुर पौडेलले बताए । ‘विवाह भएको धेरै दिन भएकाले भोजको स्याम्पल संकलन गर्न सकिने अवस्था छैन । भोज खाएर काठमाडौं गएका एक बिरामीलाई टेकु पठाएका छौं’ उनले भने, ‘फुडपोइजनले धेरै दुर्घटना हुनसक्छ । जन्तेढुंगामा बिरामी पहिचान भएलगत्तै औषधि उपचार सुरु गरिएकाले घटना नहोला भन्नेमा हामी विश्वस्त छौं ।’

बिरामी चाप बढ्दै गएपछि आधारभूत अस्पतालमा समेत उपचारको व्यवस्था मिलाइएको गाउँपालिकाले जनाएको छ। प्रभावित क्षेत्र बाहिरका तथा जटिल किसिमका बिरामीलाई आधारभूत अस्पतालमा भर्ना गरेर उपचार सुरु गरिएको हो ।

# बैतडीमा ३ सय ८७ नाल भरुवा बन्दुक प्रशासनलाई बुझाइयो

**बैतडी/मस**–बैतडीमा तीन सय ८७ वट भरुवा बन्दुक जिल्ला प्रशासन कार्यालयलाई बुझाइएको छ। आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षालाई मध्यनजर गर्दै जिल्ला प्रशासन बैतडीले इजाजत प्राप्त सबै हातहतियार र गोलीगट्ठा फिर्ता बुझाउन आग्रह गरेको थियो ।



सोही सूचना बमोजिम अहिलेसम्म ३८७ नाल भरुवाबन्दुक संकलन गरिएको जिल्ला प्रहरी कार्यालय बैतडीका सूचना अधिकारी बल्देव बडूले जानकारी दिए। जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइहरूले प्रहरी परिचालन र सामाजिक सञ्जालमार्फत सूचना प्रवाह गरी बन्दुक संकलन गरिएको उनले बताए ।

प्रशासनले माघ ६ गते सूचना प्रकाशित गर्दै माघ २० गतेसम्म इजाजत प्राप्त हातहतियार फिर्ता गरिसक्नुपर्ने उल्लेख गरेको भए पनि सबै हातहतियार फिर्ता गरिएको छैन । निर्वाचन सुरक्षालाई अवस्थालाई मध्यनजर गर्दै विभिन्न व्यक्तिका नाममा रहेका इजाजतप्राप्त हातहतियार बुझाउन सूचनामार्फत आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय बैतडीका सूचना अधिकारी विनोद भट्टराईले जानकारी दिए ।

यसअघि तोकिएको मितिसम्म इजाजत प्राप्त हातहतियार नबुझाएपछि माघ मसान्तसम्म म्याद थप गरिएको उनले बताए। ‘बैतडीमा हातहतियारका लागि एक हजार ८६ इजाजत वितरण गरिएको छ’, सूचना अधिकारी थापाले भने,‘तिमध्ये चालु आर्थिक वर्षमा ४५२ ले मात्रै इजाजत नवीकरण गराएका छन् ।’ संकलित बन्दुक निर्वाचन अवधिभर सुरक्षित रूपमा राखिने र निर्वाचन सम्पन्न भएपछि सम्बन्धित धनीलाई फिर्ता गरिने प्रहरीले जनाएको छ ।

# झुट्ठा उद्दार प्रकरण : सिद्धि अस्पतालका सञ्चालक डा. तिमिल्सिना पक्राउ

**काठमाडौं/मस**–नेपाल प्रहरीले झुट्ठा उद्दार प्रकरणमा लाजिम्पाटस्थित सिद्धि अन्तरराष्ट्रिय अस्पतालका सञ्चालक डा.गिर्वाणराज तिमिल्सिनालाई पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले नेपालको हिमाली क्षेत्रमा हुने पदयात्रा र पर्वतारोहणका क्रममा विदेशी पर्यटकको नक्कली उद्धार (फेक रेस्क्यू) गरी बिमा रकम ठगी गरेको अभियोगमा तिमिल्सिनालाई पक्राउ गरेको हो । ब्यूरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले माउन्टेन रेस्क्यू सर्भिस, एभरेष्ट एक्सपेरियन्स एण्ड असिस्टेन्स र नेपाल चार्टर सर्भिससँगको मिलेमतोमा अस्पतालले नक्कली कागजात तयार पारी बिमा ठगी गरेको आरोपमा निजलाई पक्राउ गरिएको जानकारी दिए ।

उक्त प्रकरणमा यसअघि तीन कम्पनीका छ जना पक्राउ परिसकेका छन् । उक्त प्रकरणले अन्तरराष्ट्रियस्तरमा नेपालको पर्यटन क्षेत्रलाई गम्भीर क्षति पुऱ्याएको ब्यूरोले जनाएको छ ।

पक्राउ परेका डा.तिमिल्सिनाविरुद्ध मुलुकी अपराधसंहिता २०७४ को दफा ५१ (राष्ट्रहित प्रतिकूल काम गर्न नहुने) र अन्य किर्तेसम्बन्धी कसुरमा थप अनुसन्धान अगाडि बढाइएको प्रवक्ता श्रेष्ठले बताए ।

शृंखलाबद्ध लुटपाट र हत्या प्रकरण

# काठमाडौँमा योजना, ओखलढुंगामा लुटपाट

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २५ माघ



ओखलढुंगाको चिशंखुगढी-६ भदौरेमा लुटपाट गर्न गएका धनबहादुर राना मगरले ८० वर्षीय चन्द्रविक्रम राई र उनकी श्रीमती चन्द्रमाया राईको प्राण लुटे। राई दम्पत्तिका घरमा धनमाल लुट्न गएका मगरले उनीहरूको ज्यानसमेत लिएका छन्। उनले कानमा लगाउने सुन, एक जोर सिक्री र केही नगद लुटपाट गरी कोदालोले वृद्ध दम्पतीको हत्या गरेको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले माघ २३ गते काठमाडौंबाट पक्राउ गरेर जिल्ला अदालत ओखलढुंगाबाट ज्यानसम्बन्धी कसुर तथा डाँका चोरी मुद्दामा म्याद लिएर थप अनुसन्धान गरिरहेको छ। उनीहरूले काठमाडौंमा बसेर योजना बनाउने र लुटपाट गर्न जाने गरेको प्रहरीले जनाएको छ। यसअघि ओखलढुंगाका मिलन भनिने संगम राई, विनोद राई, प्रकाश भुजेल र दार्जे भनिने अशोक भुजेलले पनि गहना, पैसा लुटपाट गरेर एक दम्पतीको हत्या गरेका थिए। प्रहरीले उनीहरूको साथबाट हत्या तथा लुटपाटमा प्रयोग भएको चक्कु, ७.६५ एमएमका गोलीका खोका, मोबाइल, गरगहना, नगद बरामद गरेको छ। पहिलो हत्यामा पनि संलग्न राई दोस्रो घटनामा पनि संलग्न भएपछि प्रहरी पाँच दिनपछि पक्राउ गर्न सफल भएको थियो।

यस्तै, ओखलढुंगाकै चिशंखुगढी गाउँपालिका-६ भदौरेमा गत पुस १५ गते स्थानीय ६० वर्षिय शोभितमान थापा मगर र उनकी श्रीमती रत्नमाया थापा मगरमाथि कुटपिट तथा धारिलो हतियार प्रहार गरी हत्या गरिएको प्रहरी अनुसन्धानले देखाएको छ । घरेलु हतियार प्रयोग गरी दम्पतीको हत्या गरिएको प्रहरी अनुसन्धानले देखाएको छ । हत्यापश्चात् गोठमा स्याउलाले छोपेर राखेको अवस्थामा मगर दम्पती शव भेटिएको थियो। लुटपाट गर्ने सो समूहले उनीहरूको साथबाट नगद र गरगहना लुटपाट गरी लगेका थिए।

त्यस्तै, सिद्धिचरण नगरपालिका-४ चार्खुमा गत असोज २६ गते राति स्थानीय एकल महिलाको पनि हत्या भयो। ५२ वर्षीय रत्नकुमारी कटवाल (कार्की)को पनि घरेलु हतियार प्रयोग गरी हत्या भएको प्रहरी अनुसन्धानले देखाएको छ। हतियारधारी समूहले बन्चरोले दाहिनेपट्टीको कञ्चट तथा कानको भागमा प्रहार गरी उनको वीभत्स हत्या गरेका थिए। हत्यापछि नगद तथा गरगहना लुटपाट गरे।

सबै हत्याका घटना केलाएर हेर्दा सबै घटना सम्पत्ति लुटपाट गर्ने उद्देश्यले घटाइएको प्रहरी अनुसन्धानले देखाएको छ। जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका प्रहरी नायब उपरीक्षक मदन केसी पछिल्लो घटनाक्रमलाई विश्लेषण गर्दा पहिले धन लुट्ने त्यसपछि हत्या गर्ने गरेको बताउँछन्। लुटेरा समूहले एकल वृद्धवृद्धालाई निशानामा पारेर धन, पैसा लुटने गरेको उनले बताए। लुटपाट गर्ने र हत्या गर्ने गिरोह नै हुन सक्ने उनले बताए। पहिलेका घटनाको सफल अनुसन्धान भएको छ। यी पछिल्ला दुवै घटना पनि उही प्रकृतिका भएकाले छिट्टै अपराधी नजिक पुगिने उनले बताए।

**प्रजिअको कमान्डमा स्विप अपरेसन**

ओखलढुंगामा शृंखलाबद्ध हत्या हुन थालेपछि प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीको कमान्डमा स्विप अपरेसन चलाइएको छ। सिद्धिचरण नगरपालिका-४ को चार्खु, कालीबेली जंगलमा अपरिचित व्यक्तिहरू शंकास्पद तरिकाले हिँडडुल गरेको देखेपछि स्थानीय त्रसित छन्। स्थानीयले चार्खु, कालीबेली जंगलमा चार/पाँच जना अनुहार नचिनिने गरी छोपेका अपरिचित मानिसहरू शंकास्पद तरिकाले हिँडडुल गरेको देखेपछि प्रशासनलाई खबर गरेका थिए। त्यसलगत्तै प्रमुख जिल्ला अधिकारी मंग्रातीसहित जिल्लाका सुरक्षा निकायका प्रमुखको उपस्थितिमा स्विप अपरेसन चलाइएको हो।

अपरेसनमा प्रजिअ मंग्रातीको कमान्डमा प्रहरी नायब उपरीक्षक मदन केसी, सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी नायब उपरीक्षक महेश विक्रम केसी र दुर्गा बक्स गणका प्रमुख सेनानी सुरेन्द्र देउजाको कमान्डमा ४० जनाको टोलीले संयुक्त अपरेसन गरेको थियो। प्रहरीले दिएको जानकारी अनुसार शंकास्पद व्यक्तिसँग हातहतियार हुन सक्ने तथा उक्त स्थानमा पछिल्लो समयमा क्रमबद्ध घटेको घटनालाई मध्यनजर गरी सो अपरेसन गरिएको हो।

# 'घृणाको पक्षमा समर्थन बढ्दै जानु राम्रो संकेत होइन'



**बिर्तामोड/मस-** प्रतिनिधिसभाका निवर्तमान सभामुख देवराज घिमिरेले सामाजिक मर्यादा र लोकतान्त्रिक संस्कार जोगाउनु सबैको दायित्व रहेको बताएका छन्।

केही दिनअघि अर्जुनधारामा मन्तव्य दिइरहेका बेला पर्खाल बाहिरबाट एक महिला र नवजात शिशुले आफूलाई नियालिरहेको तस्बीर देखेपछि मनमा धेरै कुरा आएको उल्लेख गर्दै घिमिरेले समाजप्रति जिम्मेवारीबोध गर्नुपर्ने बताए।

उनका अनुसार नेपाली समाज दुई देखि चार पुस्तासम्म मिलेर बस्ने परम्परामा आधारित छ, जहाँ ठूलालाई आदर गर्ने र सानालाई माया गर्ने संस्कारले समाजलाई जोडेर राखेको छ। 'हाम्रो समाज विभिन्न जातजाति, भाषा र संस्कृतिले बनेको छ। यही विविधताभित्र आपसी सम्मान नै हाम्रो पहिचान हो,' उनले भने।

एक उम्मेदवार र जनप्रतिनिधिका रूपमा आफ्नो जीवन सबैका लागि खुला किताबजस्तै भएको उल्लेख गर्दै उनले सबै उमेर समूहका नागरिकले आफूलाई नियाल्न सक्ने बताए। 'महिला र नवजात शिशुले जसरी मलाई हेरिरहेका थिए, त्यसरी नै समाजका सबै वर्गले जनप्रतिनिधिलाई नियालिरहेका हुन्छन्,' उनले स्पष्ट पारे।

तर पछिल्ला वर्षहरूमा सामाजिक सञ्जाल र सार्वजनिक जीवनमा ज्येष्ठ व्यक्तित्वलाई अपमान गर्ने, घृणात्मक अभिव्यक्ति दिने र होच्याउने प्रवृत्ति बढेकोप्रति उनले चिन्ता व्यक्त गरेका छन्। 'राजनीतिमा घृणा मिसिएका कठोर शब्द प्रयोग गर्नेहरूलाई समर्थन बढ्दै जानु लोकतन्त्रका लागि राम्रो संकेत होइन,' उनले भने। आफ्नो इनबक्समा आएका प्रश्नहरूलाई सकेसम्म जवाफ दिइरहेको तर कतिपय टिप्पणी सभ्य समाजमा बोल्न, सुन्न र लेख्नै नसकिने खालका रहेको उनले बताएका छन्।

निवर्तमान सभामुख घिमिरेले निर्वाचन आउँछन् र जान्छन्, पुस्ता फेरिन्छन् तर लोकतन्त्र र सामाजिक सम्बन्धलाई कसिलो बनाउने जिम्मेवारी सधैं सबै नागरिकको हुने उल्लेख गरेका छन्। 'चुनाव मात्र होइन, हाम्रो व्यवहार, बोली र लेखाइले पनि लोकतन्त्र बलियो वा कमजोर बनाउँछ,' उनले सामाजिक सञ्जालमा लेखेका छन्।

# विवाह भोजमा खर्च हुने रकम आश्रमलाई



**काठमाडौं/मस-** वरिष्ठ अधिवक्ता सुशील पन्त र उनकी धर्मपत्नी कुमुदा पन्तले छोराको विवाहमा भोज नगरी सो शीर्षकमा खर्च हुने रकम देवघाटधामस्थित गलेश्वर आश्रमलाई दानस्वरूप अर्पण गरेका छन्।

शुक्रबार कान्छा छोरा सुयोग्य पन्तको कृति घिमिरेसँग विवाह सुसम्पन्न भएपछि उनीहरूले काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममा ४० लाख रुपैयाँको चेक गलेश्वर आश्रमका पीठाधीश अनन्तश्री विभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराजलाई हस्तान्तरण गरे।

'कमाउने त्यो, दिनलाई नै हो' भन्ने आदर्श वाक्यलाई आत्मसात गर्दै पन्त दम्पतीले विवाह, व्रतबन्ध जस्ता शुभकार्यमा फजुल खर्च नगरी त्यस्तो रकम परोपकारी तथा जनकल्याणकारी कार्यमा संलग्न संस्थालाई दिने अभ्यास गर्दै आएका छन्।

यसअघि जेठा छोराको विवाहका अवसरमा पनि उनीहरूले भोज नगरी त्यसबाट बचत भएको ४० लाख रुपैयाँमध्ये २० लाख रुपैयाँ क्यान्सर केयर फाउन्डेसनलाई र बाँकी २० लाख रुपैयाँ पुण्यार्जन फाउन्डेसनलाई दान गरेका थिए।

गलेश्वर आश्रम अष्टाङ्ग योगसिद्ध योगीराज ईश्वरानन्द ब्रह्मचारी (गलेश्वर बाबा) द्वारा स्थापना गरिएको आध्यात्मिक साधना, सांस्कृतिक संरक्षण र सामाजिक सेवामा समर्पित संस्था हो। आश्रमले पवित्र देवघाटधाम क्षेत्रमा वेद-वेदाङ्ग विद्यालय सञ्चालन गर्दै आएको छ। साथै, यहाँ बसोबास गर्ने साधक-सन्त तथा तिर्थालुहरूको भोजन र बसोबास सहज बनाउने उद्देश्यले अन्न क्षेत्र सञ्चालन गर्नुका साथै घरबारविहीन तथा परिवारबाट परित्यक्त वृद्ध-वृद्धाको कल्याणलाई ध्यानमा राखी सहज एवं सुन्दर कल्पवास निर्माण गरी सञ्चालन गरिरहेको छ। आश्रमले देवघाटधाममा बसोबास गर्ने साधक तथा वृद्ध-वृद्धाको स्वास्थ्य उपचारका लागि धर्मार्थ अस्पताल पनि सञ्चालन गर्दै आएको छ।

# साउदीको जेद्दामा श्रमिक सचेतना तथा वित्तीय साक्षरता कार्यक्रम हुने

**अन्जान गुभाजु/मध्यान्ह**
जेद्दा, २५ माघ

साउदी अरबको जेद्दामा कार्यरत नेपाली श्रमिकहरूलाई लक्षित गरी आगामी फेब्रुअरी १३ तारिख शुक्रबार बृहत् श्रमिक सचेतना, वित्तीय साक्षरता तथा स्वास्थ्य शिविर आयोजना हुने भएको छ।




नेपाली महावाणिज्यदूतावास, जेद्दाको आयोजना तथा गैरआवासीय नेपाली संघ (एनआरएनए), क्षेत्रीय समन्वय समिति जेद्दाको सहआयोजनामा उक्त कार्यक्रम सञ्चालन हुन लागेको हो। जेद्दाको अल-खूम्रा क्षेत्रमा आयोजना हुने यस कार्यक्रमले विशेष गरी सो क्षेत्र र आसपासमा कार्यरत नेपाली श्रमिकहरूलाई प्रत्यक्ष लाभ पुर्‍याउने उद्देश्य राखेको छ।

कार्यक्रममा श्रमिकहरूलाई उनीहरूको कानुनी अधिकार, सुरक्षित रोजगारीका उपाय, वित्तीय व्यवस्थापन, बचत तथा लगानीका विविध पक्षबारे विज्ञहरूद्वारा जानकारी प्रदान गरिनेछ। यसका साथै, कार्यक्रमस्थलमै श्रमिकहरूको स्वास्थ्य परीक्षण र राहदानी (पासपोर्ट) नवीकरणसम्बन्धी महत्त्वपूर्ण सेवाहरू समेत उपलब्ध गराइने आयोजकले जनाएका छन्।

प्रवासमा रहेका नेपालीहरूलाई आफ्नै कार्यस्थल नजिकै प्रशासनिक र सचेतनामूलक सेवा पुर्‍याउने यो अभियानले विशेष अर्थ राख्ने विश्वास लिइएको छ। आयोजक संस्थाहरूले अल-खूम्रा र यस आसपासका क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण नेपालीहरूलाई कार्यक्रममा उपस्थित भई सेवा तथा जानकारीबाट अधिकतम लाभ लिन आह्वान गरेका छन्।


## श्री बाल उद्धार माध्यमिक विद्यालय

**कागेश्वरी मनोहरा–१, गागलफेदी, काठमाडौं।**

**उत्पादक तथा विक्रेताहरुको लागि सूचीदर्ता सम्बन्धी १ महिने सूचना**

**प्रकाशित मिति : २०८२/१०/२६**

स्थानिय तह, अभिभावक, चन्दादाता तथा समुदायको सहयोगमा यस विद्यालयमा विद्यालय बस खरिद प्रयोजनको लागि उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलक सपिङ्ग) खरिद कार्यविधि २०७४ को दफा ८ अनुसार सूचीदर्ता गर्न उत्पादक तथा विक्रेताहरुको लागि १ महिने सूचना जारी गरिएको छ । आफू उत्पादक तथा विक्रेता भएको आधिकारीक प्रमाण सहित मिति २०८२/११/२६ गते कार्यालय समय भित्र विद्यालयमा आई सूचीदर्ता गर्नुहुन सूचित गरिन्छ ।

**विस्तृत जानकारीको लागि विद्यालय प्रशासनमा सम्पर्क राख्नुहोला ।**

**फोन नं. ९८५११११२५१२, ९८६०५५५३५३**

## Kaike Rural Municipality
## Office of Rural Municipal Executive

Shahartara Bagar, Dolpa
Karnali Province, Nepal

**Invitation for Bids**

*Date of publication: 9 Feb, 2026*

1. Kaike Rural Municipality, Office of Rural Municipal Executive, Shahartara Bagar, Dolpa invites electronic bids from eligible bidders for the following works under NCB procedures.
2. Eligible bidders may obtain further information and inspect the bidding document at Kaike Rural Municipality, Shahartara Bagar, Dolpa or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N. | Contract Identification Number | Description of Works | Bid Validity Period | Bid Bond Amount | Estimated amount (including VAT, PS & contingencies) | Bid document fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KRM/NCB/WORKS/082-083/07 | Construction of Fapu to Tolange Irrigation Project | 90 | 110000 | NRs. 4892785.97 | 3000 | |
| 2 | KRM/NCB/WORKS/082-083/08 | Construction of Khani Gau Apple Farming and Irrigation Project. | 90 | 110000 | NRs. 4891902.00 | 3000 | |

*Chief Administrative Officer*

## साउदीमा रोजगार

कम्पनी : RAWABI AL MAHFAR TRADING COMPANY — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८२/१०/२५ — चलानी नं.: ६०२५२०८४ — L.T. No.: 338564

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PACKING& PACKAGING WORKER | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRATIGYA OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. १५२९/०७७/०७८
P.O.Box No.:5650, Address: Sinamangal-09, Kathmandu, Nepal
Email: overseaspratigya@gmail.com | Tel: 01-4579481, 4586459
Website: www.pratigyaoverseas.com

## मलेसियामा रोजगार

कम्पनी: CHEFTECH RESOURCES SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/१०/२५ — चलानी नं.: ६०२५२०३६ — L.T. No.: 338566

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Worker | 5 | 0 | स. काममा दक्ष | 1700 | ६२,३३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**ALL SKILLS INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.**
श्रम इजाजत नं. ९५७/०६७/०६८
Maharajgunj-3, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4389541, 4389542, 9869422479
E-Mail: allskillsintl@gmail.com, URL: www.allskillintl.com

## कतारमा रोजगार

कम्पनी : AR MF CONTRACTING — शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८२/०३/०९ — चलानी नं.: ६०२३९९९० — LT. No.: 326037 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Representative | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १,१८,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1200 | ४७,५३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**CHANDRAMA GROUP OF COMPANY PVT.LTD**
Govt. Lic. No. 1757/081/082
Contact: 01- 4116658, 9803735475. Email: info@chandramagroup.com.
rajachandramagroup@gmail.com, Sinamangal-9, KATHMANDU, Nepal

## यूएईमा रोजगार

कम्पनी : MIRA BEAUTY CENTER — शहर: UAE,AJMAN
पूर्व स्वीकृत मिति: २०८२/१०/२२ — चलानी नं.: ६०२५१८७० — LT. No.:338185

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 1 | स. काममा दक्ष | 1500 | ५९,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**S.N.K. Facilities Management Pvt. Ltd.**
Gov. Lic No. 1726/081/082
Bafal-13, Kalanki, Kathmandu, Nepal, Tel. 01-5922923
Whats App No: 9806165278. website: www.snkmanpower.com

## यूएईमा रोजगार

कम्पनी : AL MUSTADAM CLEANING AND MAINTENANCE L.L.C — शहर: AJMAN
पूर्व स्वीकृत मिति: २०८१/१०/११ — चलानी नं.: ६०२३१८९७ — L.T. No.:317678 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer. | 5 | 0 | स. काममा दक्ष | 1200 | ४७,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

**Fair Connect Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi-4, Manakamana Galli, Kathmandu Nepal, Tel :- 00977-1-5905737, Email :- agencyfcr@gmail.com

## कुवेतमा रोजगार

कम्पनी: 4 ONE BEAUTY LADIES SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/१०/२५ — चलानी नं.: ६०२५२१०१ — LT. No.: 338689

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 4 | | 150 | ७१,०५३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## साउदीमा रोजगार

कम्पनी: Massadr Human Resources Services Company. — शहर: Al Khobar
पूर्व स्वीकृत मिति: २०८२/१०/२५ — चलानी नं.: ६०२५२०७१ — L.T. No.: 338604

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**GULF SKY INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत नं. ८९०/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१७९२८८८, ९८०१११६८६९,

मध्यान्ह
www.madhyanhadaily.com
२६ माघ २०८२ सोमबार
9 February 2026 Monday

सम्पादकीय

## पाठेघरको क्यान्सरबाट जोगाऊ

नेपालमा महिलाको ज्यान जाने मुख्य क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर पहिलो स्थानमा छ । पाठेघरको क्यान्सर जति खतरनाक छ, त्यत्ति नै महत्वपूर्ण विषय यो रोग धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । तर जानकारीको अभाव, लाज वा बेवास्ताका कारण धेरै महिलाले समयमै परीक्षण र उपचार गराउँदैनन् । परिणामस्वरूप सामान्य अवस्थामै नियन्त्रण गर्न सकिने रोग प्राणघातक बनिदिन्छ । चिकित्सकका अनुसार, ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) संक्रमण पाठेघरको मुखमा हुने क्यान्सरको मुख्य कारण हो । असुरक्षित यौन सम्पर्क र संक्रमित व्यक्तिबाट यो भाइरस सर्ने चिकित्सक बताउँछन् । एकपटक संक्रमण भएपछि लक्षण तुरून्त नदेखिन पनि सक्छ, त्यो नै रोग फैलिने मुख्य कारण भइदिन्छ । यसबाट जोगिने सबैभन्दा प्रभावकारी उपाय एचपिभी खोप हो । सरकारले नियमित खोप कार्यक्रमअन्तर्गत किशोरीलाई यो खोप दिन थालेको छ, जुन प्रशंसनीय कदम हो । यो खोपले पाठेघरको क्यान्सर हुनबाट धेरै हदसम्म जोगाउँछ । त्यसैले लक्षित उमेर समूहका सबै किशोरीले खोप लगाउनु आवश्यक छ ।

क्यान्सरविरूद्धको खोप मात्र समाधान होइन । खोपसँगै नियमित स्वास्थ्य परीक्षण पनि उत्तिकै जरूरी छ । समयमै परीक्षण गर्दा रोग प्रारम्भिक अवस्थामै पत्ता लाग्ने सम्भावना अधिक हुन्छ । बेलैमा रोग पत्ता लागे स्वाभावित रूपमा उपचार पनि सजिलो हुन्छ । साथै, सुरक्षित व्यवहार अपनाउने, क्यान्सरसम्बन्धी सही जानकारी लिने र कुनै लक्षण देखिए तुरून्त अस्पताल जानु नै बुद्धिमानी हुन्छ । सरकारले खोप अभियान सुरू गर्नु सकारात्मक भए पनि यसको सफलता भने यसको सहभागितामा निर्भर रहन्छ । अभिभावक, शिक्षक र अभिभावक सबैले आफ्ना किशोरीहरूलाई क्यान्सरविरूद्धको खोप लगाउन प्रोत्साहित गर्नुपर्छ । अभियानलाई सफल बनाउन सम्बद्ध सबैको महत्वपूर्ण भूमिका रहन्छ । सबैभन्दा पहिले लाज वा गलत धारणा त्यागेर स्वास्थ्यलाई प्राथमिकता दिन प्रेरित गर्नुपर्छ । पाठेघरको क्यान्सरबाट जोगिनु धेरै कठिन पनि छैन । सचेतना र सावधानी भने चाहिन्छ । स्वस्थ महिला भए मात्र परिवार र समाज सुरक्षित रहन्छन् । त्यसैले एचपिभी खोप लगाउन प्रेरित गरौं । नियमित स्वास्थ्य परीक्षण गराऔं र सुरक्षित रहौं । आज थोरै सतर्क भएर अपनाइने सावधानीका उपायले भोलि भोग्नुपर्ने ठुलो पीडाबाट जोगिन सकिन्छ । त्यसैले खोप लगाउन छुटेकाहरूलाई पनि अभियानमा समेट्नुपर्छ ।

# गगनको नेतृत्वले पलाएको आशा

*गगन थापाको नेतृत्वमा कांग्रेसबाट नाराभन्दा कार्यान्वयन, भाषणभन्दा परिणाम र प्रतिबद्धताभन्दा डेलिभरी खोजिएको छ ।*

अग्रलेख



● रामप्रसाद पौडेल

नेपाली कांग्रेस नेपालको लोकतान्त्रिक आन्दोलनको ऐतिहासिक मेरुदण्ड हो । २००३ मा स्थापना भएको कांग्रेसले राणा शासनको अन्त्यदेखि बहुदलीय व्यवस्था, संविधानसभा हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा निर्णायक भूमिका निर्वाह गर्‍यो । यही ऐतिहासिक पृष्ठभूमिका कारण निर्वाचनहरू नेपाली कांग्रेसका लागि केवल सत्तामा पुग्ने प्रक्रिया मात्र होइन, लोकतन्त्रप्रतिको प्रतिबद्धता, संगठनात्मक क्षमता र जनविश्वासको कठोर परीक्षा बन्ने गरेको छ ।

नेपालको निर्वाचन इतिहासमा कांग्रेसको उपस्थिति निरन्तर केन्द्रीय रहँदै आएको छ । २०१५ सालको पहिलो आमनिर्वाचनमा कांग्रेसले १०९ मध्ये ७४ सिट जित्दै स्पष्ट बहुमतको सरकार गठन गरेको थियो । बी.पी. कोइरालाको नेतृत्वमा बनेको त्यो सरकार नेपालकै पहिलो जननिर्वाचित सरकार थियो, जसले निर्वाचनमार्फत शासन सञ्चालनको लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने काम गरेको थियो । पञ्चायती व्यवस्थापछि २०४८ सालको संसदीय निर्वाचनमा कांग्रेसले २०५ सिटमध्ये ११० सिट जित्यो । २०५१ सालको मध्यावधि निर्वाचनमा ८३ सिटसहित सबैभन्दा ठूलो दल रह्यो भने २०५६ सालमा १११ सिट जित्दै पुनः बहुमत सरकार गठन गर्‍यो । यी तीन निर्वाचनमा कांग्रेसले औसत रूपमा ३५ प्रतिशतभन्दा बढी मत प्राप्त गरेको तथ्यले त्यस समय कांग्रेस जनमतको केन्द्रमा रहेको देखाउँछ ।

तर कांग्रेसको निर्वाचन यात्रा सधैं उकालो मात्र रहेन । २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा कांग्रेस ६०१ सदस्यीय सभामा ११० सिटमा सीमित हुँदै तेस्रो स्थानमा झर्‍यो । यो परिणाम पार्टीका लागि गम्भीर आत्मसमीक्षाको बिन्दु बन्यो । २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा भने कांग्रेसले १९६ सिट जित्दै पुनः पहिलो दलको स्थान हासिल गर्‍यो । संघीय संरचनापछि २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा कांग्रेस २७५ मध्ये ६३ सिटमा सीमित भयो । २०७९ सालको निर्वाचनमा भने कांग्रेसले ८९ सिट जित्दै पुनः सबैभन्दा ठूलो दल बने पनि स्पष्ट बहुमत प्राप्त गर्न सकेन । २०७९ मा कांग्रेसको प्रत्यक्षतर्फको मत प्रतिशत करिब ३१ प्रतिशतमा सीमित रहनुले पार्टीको जनाधार स्थिर भए पनि विस्तार हुन नसकेको संकेत गर्छ ।

आजको राजनीतिक प्रतिस्पर्धा अघिल्ला दशकभन्दा धेरै जटिल बनेको छ । कांग्रेसले अब नेकपा (एमाले) वा नेपाली कम्युनिस्ट पार्टी मात्र होइन, क्षेत्रीय दल र नयाँ राजनीतिक शक्तिहरूसँग पनि एकैसाथ प्रतिस्पर्धा गर्नुपरेको छ । २०७९ को प्रतिनिधिसभा निर्वाचनपछि सातभन्दा बढी दल संसदमा पुग्नु नै मत विभाजनको स्पष्ट प्रमाण हो । यही यथार्थले गठबन्धन राजनीतिलाई अनिवार्य बनाएको छ । कांग्रेस २०७९ मा गठबन्धनमार्फत सबैभन्दा ठूलो दल बने पनि दीर्घकालीन रूपमा यसले पार्टीको वैचारिक पहिचान र संगठनात्मक आत्मनिर्भरतालाई कमजोर बनाउने अवस्थामा ल्यायो । विशेष महाधिवेशनमार्फत गगन थापा नेपाली कांग्रेसको सभापति बनेपछि कांग्रेसभित्र ठूलो उथलपुथलको अवस्था छ । केवल नेतृत्व परिवर्तन मात्र होइन, कांग्रेसको राजनीतिक कार्यशैलीमा परिवर्तनको संकेत देखिएको छ । यसले कांग्रेस मात्रै होइन, राष्ट्रिय राजनीतिमा पनि ठूलो बदलावको संकेत दिएको छ । एकातिर निर्वाचनमै गठबन्धन गर्नुपर्ने अवस्था रोकिएको छ भने अर्कोतिर उम्मेदवार छनौटमा पनि विवादित अवस्था टुंगिएको छ । यसले कांग्रेसभित्र मात्रै होइन, राष्ट्रिय राजनीतिमै नयाँ आशा पलाएको छ ।



आजको मतदाता इतिहासभन्दा बढी परिणाम खोज्छ । रोजगारी, शिक्षा, स्वास्थ्य, भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाह मतदाताको मुख्य सरोकार बनेका छन् । कांग्रेसले लोकतन्त्र स्थापनाको गौरवशाली इतिहास बोकेको भए पनि निर्वाचनको कसौटीमा त्यो इतिहास मात्र पर्याप्त हुँदैन । गगन थापाको नेतृत्वमा कांग्रेसबाट नाराभन्दा कार्यान्वयन, भाषणभन्दा परिणाम र प्रतिबद्धताभन्दा डेलिभरी खोजिएको छ । स्वास्थ्य क्षेत्रमा देखिएको उनको कार्यशैलीलाई अर्थतन्त्र, शिक्षा र सुशासनमा विस्तार गर्न सक्ने कि नसक्ने भन्ने प्रश्न नै निर्णायक बनेको छ ।

समग्रमा, निर्वाचनको कसौटिमा नेपाली कांग्रेस आज अनुभव, प्रतिस्पर्धा र लोकतान्त्रिक दायित्वको संगममा उभिएको छ । सात दशकभन्दा लामो इतिहास नेपाली कांग्रेसको लागि ठूलो पूँजी हो, तर भविष्य नेतृत्व, नीति र परिणामले निर्धारण गर्नेछ । गगन थापाजस्ता नयाँ पुस्ताका नेताको उदय कांग्रेसका लागि अवसर हो । यो अवसर सफल बन्न कांग्रेसले संगठनात्मक सुधार, स्पष्ट नीतिगत दिशा र जनअपेक्षा सम्बोधन गर्न सक्नुपर्छ । यद्यपि, नेपाली कांग्रेसको निर्वाचन सफलता वा असफलता केवल सिट संख्याले होइन, नेपाली लोकतन्त्रलाई कति बलियो बनायो भन्ने आधारमा मूल्यांकन हुनेछ ।

गगन थापा नेपाली राजनीतिमा नयाँ पुस्ताको प्रतिनिधि नेता हुन् । यदि उनले जनताको आशा र भरोसा जित्न सके भने अहिलेको राजनीतिक प्रणालीप्रति घट्दै गएको जनविश्वासलाई पनि उनले पुनस्थार्पित गर्न सक्छन् । नेपालको कुल जनसंख्याको करिब ४० प्रतिशत ४० वर्षमुनिका युवाहरू छन् । तर पछिल्ला निर्वाचनहरूमा युवाको सहभागिता घट्दो क्रममा छ, जसले राजनीतिप्रति बढ्दो वितृष्णा देखाउँछ । गगन थापाको मुख्य शक्ति नै युवासँगको सम्बन्ध र भरोसा हो । शिक्षा, रोजगारी, सीप विकास, स्टार्टअप प्रवर्द्धन र विदेश पलायन रोक्ने ठोस योजना प्रस्तुत गर्न सके युवामा नयाँ आशा जगाउन सकिन्छ । रोजगारी सिर्जनामा निजी क्षेत्रसँग सहकार्य र सीपमूलक तालिम विस्तारजस्ता कार्यक्रमले यसलाई व्यवहारिक बनाउँछन् ।


> *सात दशकभन्दा लामो इतिहास नेपाली कांग्रेसका लागि ठुलो पुँजी हो तर भविष्य नेतृत्व, नीति र परिणामले निर्धारण गर्नेछ । गगन थापाजस्ता नयाँ पुस्ताका नेताको उदय कांग्रेसका लागि अवसर हो ।*

त्यस्तै, सुशासन र भ्रष्टाचार नियन्त्रण जनताको भरोसा फर्काउने प्रमुख आधार हो । ट्रान्सपरेन्सी इन्टरनेसनलका विभिन्न सूचकांकले नेपालमा भ्रष्टाचार गम्भीर समस्या रहेको देखाएका छन् । जनताले अब भ्रष्टाचारविरुद्धका नाराभन्दा पनि दैनिक जीवनमा महसुस हुने परिवर्तन खोजिरहेका छन् । सार्वजनिक खर्चमा पारदर्शिता, डिजिटल सेवा विस्तार र राजनीतिक संरक्षणको अन्त्य गर्न सके विश्वास बढ्न सक्छ ।

स्वास्थ्य, शिक्षा र अर्थतन्त्रजस्ता क्षेत्रमा तथ्य र डाटामा आधारित नीति अत्यावश्यक छ । सरकारी अस्पतालमा उपचार खर्च घटाउने, सामुदायिक विद्यालयको गुणस्तर सुधार्ने र साना तथा मझौला उद्योगलाई कर र कर्जामा सहुलियत दिने नीति प्रत्यक्ष जनजीवनसँग जोडिन्छ । यस्ता योजनामा स्पष्ट समयरेखा र मापनयोग्य लक्ष्य समावेश हुनुपर्छ ।

नेतृत्व विश्वसनीय हुन पार्टीभित्र पनि लोकतान्त्रिक अभ्यास देखिनुपर्छ । निर्णय प्रक्रिया र नेतृत्व चयनमा पारदर्शिता कायम गर्न सके जनताले साँच्चै परिवर्तन सुरु भएको अनुभूति गर्नेछन् । गगन थापाको नेतृत्व जनताको आशा र भरोसामा बदलिन सक्छ-तर त्यो इमानदार काम, नतिजा र निरन्तरताबाट मात्र सम्भव हुनेछ ।

## इतिहासमा आज



९ फेब्रुअरी २०१८ मा दक्षिण कोरियाको प्योङचाङ काउन्टीमा शीतकालीन ओलम्पिकको उद्घाटन भएको थियो ।



९ फेब्रुअरी २०१६ मा बाभेरिया राज्यको जर्मन सहर ब्याड एइब्लिङमा दुई यात्रुवाहक रेलहरू ठोक्किएका थिए । जसमा १२ जनाको मृत्यु भएको थियो भने ८५ जना घाइते भएका थिए ।



९ फेब्रुअरी १९९१ मा लिथुआनियाका मतदाताहरूले सोभियत संघबाट स्वतन्त्रताको पक्षमा मतदान गरेका थिए ।



९ फेब्रुअरी १९८२ मा जापान एयर लाइन्सको उडान ३५० पाइलटको सामूहिक हत्या-आत्महत्याको प्रयासमा हानेदा विमानस्थलनजिकै दुर्घटनाग्रस्त भएको थियो, जसमा १७४ जनामध्ये २४ जनाको मृत्यु भएको थियो ।

# विद्युत् विकासमा खोजिएको प्रतिबद्धता

विचार



● जगतजंग जिसी

> *विद्युत् व्यापार नेपालका लागि विकल्प होइन, अनिवार्यता हो । सानो घरेलु बजारले ठुला आयोजना दीर्घकालीन रूपमा धान्न सक्दैन । भारत र बंगलादेशसँगको विद्युत् व्यापारलाई अस्थायी सम्झौतामा सीमित नराखी दीर्घकालीन, संस्थागत र बजार-आधारित बनाउने दृष्टि घोषणापत्रमै आउनुपर्छ ।*

निर्वाचन सत्ता हस्तान्तरणको प्रक्रिया मात्रै हो इन, यो समय दीर्घकालिन रणनीति तय गर्ने समय पनि हो । यस्ता घडीमा राजनीतिक दलहरूले सार्वजनिक गर्ने निर्वाचन घोषणापत्रहरू साधारण प्रतिबद्धताको सूची होइनन्, राज्यलाई कुन दिशामा लैजाने भन्ने स्पष्ट संकेत पनि हुन् । विशेषतः प्राकृतिक स्रोतमा धनी तर औद्योगिक रूपमा कमजोर नेपालका लागि जलविद्युत् विकास घोषणापत्रको केन्द्रमा रहनु राजनीतिक छनोट होइन, राष्ट्रिय आवश्यकता हो ।

नेपालले जलविद्युत् विकासमा ऐतिहासिक अग्रता लिए पनि त्यसलाई निरन्तरता दिन सकेन । फर्पिङ जलविद्युत् आयोजना सञ्चालनसँगै दक्षिण एसियामै प्रारम्भिक विद्युत् उत्पादक बनेको नेपाल पछि दशकौंसम्म यही क्षेत्रमा अल्झिरह्यो । राजनीतिक अस्थिरता, सीमित पूँजी, कमजोर संस्थागत संरचना र केन्द्रित निर्णय प्रणालीका कारण जलविद्युत् सम्भावनाले व्यवहारिक रूप लिन सकेन । लामो समयसम्म राज्यको एकाधिकारमा रहेको विद्युत् क्षेत्र न त योजनाबद्ध विस्तारतर्फ गयो, न त दीर्घकालीन ऊर्जा सुरक्षाको आधार बन्यो ।

२०४६ सालपछिको राजनीतिक परिवर्तनले निजी क्षेत्रलाई जलविद्युत् विकासमा प्रवेशको अवसर दियो । यसले उत्पादन क्षमतामा उल्लेखनीय वृद्धि गर्‍यो, आज देखिएका अधिकांश आयोजनाहरू यही नीतिगत खुलापनको परिणाम हुन् । तर यो विस्तार समग्र ऊर्जा प्रणालीको दृष्टिबाट नभई परियोजना-केन्द्रित रह्यो । उत्पादन बढ्यो, तर सन्तुलन आएन । नेपाल आज मौसमी रूपमा आत्मनिर्भर देखिए पनि वर्षायाममा विद्युत् थुप्रिने र हिउँदमा अभाव हुने संरचनागत समस्या यथावत् छ । यो समस्या प्राकृतिक भन्दा पनि नीतिगत हो ।

अत्यधिक रूपमा रन-अफ-रिभर आयोजनामा निर्भर रहनु, जलाशययुक्त र स्टोरेज आयोजना महँगो भन्दै पन्छाउनु ऊर्जा सुरक्षाका लागि दीर्घकालीन जोखिम हो । घोषणापत्रहरूले अब उत्पादनको संख्या होइन, प्रणालीको स्थायित्वलाई प्राथमिकता दिनुपर्छ । ऊर्जा मिश्रण सन्तुलन, मौसमअनुसार आपूर्ति व्यवस्थापन र दीर्घकालीन मागको पूर्वानुमान बिना जलविद्युत् विकास अधुरो रहन्छ ।

अन्तर्राष्ट्रिय अभ्यासले यही तथ्य प्रमाणित गर्छ । नर्वे, क्यानडा र स्विट्जरल्यान्डले जलाशययुक्त आयोजनालाई ऊर्जा प्रणालीको आधार बनाएका छन् । चीनले जलविद्युत्लाई औद्योगिक प्रतिस्पर्धा र क्षेत्रीय प्रभावको उपकरण बनाएको छ । भुटानले जलविद्युत् विकासलाई राष्ट्रिय आम्दानी, सामाजिक सेवा र कूटनीतिक सम्बन्धसँग गाँसेको छ । यी सबै उदाहरणले देखाउँछन्- सफल ऊर्जा नीति आकस्मिक होइन, घोषणापत्रमै स्पष्ट र स्थिर प्रतिबद्धताबाट सुरु हुन्छ ।

नेपालका राजनीतिक दलहरूले अझै पनि 'यति मेगावाट बनाउने' भाषामा आफूलाई सीमित राखेका छन् । तर अब प्रश्न उत्पादन कति होइन, उत्पादन कहिले, कसरी र के प्रयोजनका लागि भन्ने हो । जलविद्युत् विकास औद्योगीकरण, रोजगारी सिर्जना, आयात प्रतिस्थापन र क्षेत्रीय व्यापारसँग कसरी जोडिन्छ भन्ने दृष्टि बिना घोषणापत्र प्रभावहीन हुन्छ ।

यस सन्दर्भमा निजी क्षेत्रप्रतिको राजनीतिक दृष्टिकोण स्पष्ट हुनैपर्छ । नेपालमा जलविद्युत् विकासको वास्तविक बोझ निजी क्षेत्रले नै बोकेको छ- लगानी, जोखिम र प्रविधि सबै । तर राजनीतिक भाषामा निजी क्षेत्र कहिले साझेदार त कहिले शंकास्पद नाफाखोरका रूपमा चित्रित हुँदै आएको छ । यस्तो दोधारले लगानी वातावरण कमजोर बनाउँछ । राज्यको भूमिका नीति, नियमन र दीर्घकालीन सुनिश्चिततामा केन्द्रित हुनुपर्छ भने निजी क्षेत्रको भूमिका कार्यान्वयनमा । सम्झौताको सम्मान, नीति स्थायित्व र पूर्वानुमेय निर्णय प्रणाली बिना दीर्घकालीन लगानी सम्भव हुँदैन ।

उत्पादनसँगै प्रसारण र वितरण संरचना जलविद्युत् विकासको अर्को कमजोर कडी हो । प्रसारण लाइन अभावका कारण उत्पादन भएर पनि विद्युत् प्रयोग हुन नसक्ने अवस्था देखिएको छ । अन्तर्राष्ट्रिय अभ्यासमा प्रसारण पूर्वाधारलाई राष्ट्रिय रणनीतिक सम्पत्ति मानिन्छ । नेपालका घोषणापत्रहरूले पनि उत्तर-दक्षिण र पूर्व-पश्चिम प्रसारण करिडोरलाई राजनीतिक विवादभन्दा माथि राख्ने स्पष्ट प्रतिबद्धता जनाउनुपर्छ ।

विद्युत् व्यापार नेपालका लागि विकल्प होइन, अनिवार्यता हो । सानो घरेलु बजारले ठुला आयोजना दीर्घकालीन रूपमा धान्न सक्दैन । भारत र बंगलादेशसँगको विद्युत् व्यापारलाई अस्थायी सम्झौतामा सीमित नराखी दीर्घकालीन, संस्थागत र बजार-आधारित बनाउने दृष्टि घोषणापत्रमै आउनुपर्छ । ऊर्जा व्यापार सरकार परिवर्तनसँगै बदलिने नीति होइन भन्ने स्पष्ट सन्देश आवश्यक छ । जलविद्युत् विकास सामाजिक स्वीकृति बिना सम्भव हुँदैन । स्थानीय समुदायलाई परियोजनाको साझेदार बनाउने नीति बिना आयोजना दीर्घकालीन हुँदैनन् । सेयर स्वामित्व, रोजगारी, पूर्वाधार र सेवा विस्तारमार्फत स्थानीय लाभ सुनिश्चित गर्नु घोषणापत्रकै आधारभूत प्रतिबद्धता हुनुपर्छ । वातावरणीय मूल्यांकनलाई अवरोध होइन, विश्वास निर्माणको माध्यमका रूपमा बुझ्ने राजनीतिक परिपक्वता आवश्यक छ ।

नेपालको सन्दर्भमा सबैभन्दा गहिरो समस्या भनेको सुशासन र संस्थागत कमजोरी हो । ढिलासुस्ती, फाइल संस्कृति, डिस्क्रेसनरी पावर र उत्तरदायित्वहीनताले जलविद्युत् परियोजनालाई महँगो र जोखिमपूर्ण बनाइरहेका छन् । नियामक संस्थाको स्वतन्त्रता, पारदर्शी निर्णय प्रक्रिया र समयबद्ध कार्यान्वयन सुनिश्चित नगरेसम्म घोषणापत्र कागजमै सीमित रहन्छ ।


जलविद्युत् विषयमा गम्भीरता देखाउनु भनेको देशको भविष्यप्रति राजनीतिक जिम्मेवारी लिनु हो । इतिहासबाट सिकेर, अन्तर्राष्ट्रिय अनुभव आत्मसात् गरेर र नेपालको यथार्थसँग इमानदारीपूर्वक जुधेर तयार गरिएका घोषणापत्र मात्र राष्ट्रको दीर्घकालीन मार्गचित्र बन्न सक्छन् । निर्वाचन जित्ने भाषाभन्दा माथि उठेर राष्ट्र बनाउने दृष्टि प्रस्तुत गर्न अब राजनीतिक दलहरू तयार हुनैपर्छ ।

## सामाजिक सञ्जाल



गोकुल बास्कोटा

फेरि केही गम्भीर गडबडीको खिचडी पाक्दै गरेका आशंका राजनीतिक बजारमा व्याप्त । क-कसले के-के प्राप्त गरेपछि नेपाल स्थिर हुने हो, थाहा छैन । राष्ट्रियता र लोकतन्त्र दल, नेता र व्यक्तिभन्दा जहिल्यै माथि नरहेसम्म हरेक पुस्ताले खेप्ने हैरानी उस्तै ।




सुबोध प्याकुरेल

जनता बाँदर र बँदेलको उखरमाउलोले गाउँ छोड्न बाध्य छन् । अस्पतालले औषधी छैन भन्छ, तर लाखौंको औषधी म्याद गुज्रिएको भन्दै डढाउँछ । सुन्नुभयो नि, शिक्षा अध्यादेश ल्याउन नसकेपछि महावीर पुन आफैं चुनावमा होमिए । राज्य व्यवस्थापनमा आमूल परिवर्तनको एजेन्डा कता हराएको छ ? लौन, सोचौं ।



डा. सुन्दरी पोखरेल

मतदाता दुबिधामा छन् । पुरानाप्रति असन्तुष्टि छ, तर विकल्पप्रति पनि पूर्ण विश्वास छैन । रास्वपा नै विकल्प हो त ? पुरानाले आफूलाई धोई-पखाली प्रस्तुत गरिरहेका छन्, नयाँमाथि पनि शंका बढ्दै छ । मतदाताको निर्णय अझै अधुरो छ, फागुनको दोस्रो हप्तातिर मात्रै चित्र प्रस्ट हुने देखिन्छ ।



गोपी कृष्ण खनाल

नेपाल पूर्वीय सभ्यता र दर्शनको एक विशाल स्रोत र खजाना रहेछ । बरु पश्चिममा यसको महत्व बढ्दै छ, तर हामीले समाज खासगरी नयाँ पुस्तालाई यसको गहिराई बुझाउनै सकेनौ । आज कतिपय हाम्रा यी अनमोल सम्पत्तिहरू अरूकै हो भनेर चिनिन थालेका छन् । हामीले आफ्नै सभ्यता र दर्शनमाथि घोर अन्याय गरेका छौं !

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

## बालेनको घरमा चोरी

# नख्खु कारागारबाट फरार कैदी मुख्य योजनाकार

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाह (बालेन) बस्दै आएको डेरामा चोरी भएको घटना सार्वजनिक भएपछि धेरैले चासो राखे। तर अनुसन्धान अघि बढ्दै जाँदा यो चोरी कुनै सामान्य घटना मात्रै नभई जेलबाट भागेका एक पेसेवर चोरको नेतृत्वमा चलिरहेको संगठित गिरोहको काम भएको खुलेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंको विशेष टोलीले ललितपुरको नख्खु कारागारबाट फरार भएका मुख्य योजनाकारसहित तीन जनालाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये मुख्य व्यक्ति हुन्, काठमाडौं-१६ बालाजु स्थायी घर भएका ४२ वर्षीय मनिष (विष्णुबहादुर) राजवाहक।

राजवाहक यसअघि चोरी मुद्दामा साढे तीन वर्ष कैद सजाय भोगिरहेका थिए। गत भदौ २४ गते भएको जेनजी आन्दोलनका क्रममा नख्खु कारागारबाट फरार भएका उनी त्यसपछि उपत्यकाका विभिन्न स्थानमा चोरी गर्दै हिँडिरहेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

प्रहरीका अनुसार उनले बालेनको डेरासहित कम्तीमा पाँच स्थानमा चोरी गरेको स्वीकार गरेका छन्। उनी विशेषगरी निर्माणाधीन घरहरूलाई 'टार्गेट' बनाउँदै धारा, टुटी, फलामे सामग्री, तथा बसोबास भएका घरबाट चाँदीका गिलास, कचौरा, थाली, दियो र अन्य महँगा सामान चोर्ने गर्थे। राजवाहकलाई माघ २३ गते बाँसबारीस्थित एक गेस्ट हाउसबाट पक्राउ गरिएको हो। उनी बस्दै आएको कोठाबाट वर्ल्डलिंक लेखिएको राउटर, सीसी क्यामेरा, चोरीमा प्रयोग हुने पिलास, सलाई रेन्ची, रेती, स्क्रु ड्राइभर, ज्याकेटलगायत औजारहरू बरामद भएका छन्।

काठमाडौं महानगरपालिका-४ चप्पल कारखानास्थित सीतादेवी गुरुङको घरमा रहेको बालेन बस्ने कोठामा ताला फोडेर चोरी गरिएको थियो। यही घटनाको अनुसन्धान गर्दै जाँदा प्रहरी गिरोहसम्म पुग्न सफल भएको हो। राजवाहकले सो कोठाबाट चोरी गरेका सामानमध्ये केही आफ्ना सहयोगीमार्फत लुकाउने र बेच्ने व्यवस्था मिलाएका थिए।

राजवाहकसँग मिलेर चोरीका सामान लुकाउने र बिक्री वितरण गर्ने दुई जना पनि पक्राउ परेका छन्।

पहिलो, सिन्धुपाल्चोकको लिसंखुपाखर-६ घर भई हाल गैरीगाउँ बस्ने ४६ वर्षीय खिमबहादुर खड्का। उनी बालुवा डिपो सञ्चालन गर्दै आएका व्यक्ति हुन्। प्रहरीले उनी बैंकिङ कसुर मुद्दामा फरार सूचीमा रहेको व्यक्ति भएको जनाएको छ। खड्काको भक्तपुर ठिमी नगरपालिका-दुवाकोटस्थित घरबाट चाँदीका थाली, कचौरा, रिङ, नटबोल्ट, साथै सुनजस्तो देखिने झुम्का, चन्द्रमा, सिक्री, लक्ष्मीको मूर्ति भएको गहना बरामद गरिएको छ। राजवाहक र खड्काबीच करिब आठ वर्षदेखि चिनजान रहेको र एउटै ठाउँमा




काम गर्ने क्रममा सम्बन्ध बढेको खुलेको छ।

दोस्रो सहयोगी हुन् डोटीको दिपायल सिलगडी नगरपालिका-६ घर भई हाल धादिङको धुनीबेशी-७ लप्से बस्ने ४५ वर्षीय सञ्जय श्रेष्ठ। उनी यसअघि जबरजस्ती करणी मुद्दामा सजाय भोगिसकेको व्यक्ति भएको प्रहरीको भनाइ छ।

प्रहरीका अनुसार सञ्जयले चोरीका ल्यापटपहरू लुकाउन सहयोग गरेका थिए। उनले राजवाहकलाई ८ हजार रुपैयाँ दिएर दुईवटा ल्यापटप धितोमा राखेको खुलेको छ। उनको कोठाबाट बालेनको डेराबाट चोरी गरिएको एप्पलको म्याकबुक प्रो, डेल कम्पनीको ल्यापटप, चार्जर, झोला र सिसिटीभीको डिभिआर बरामद गरिएको छ।

सञ्जय र राजवाहकबीच चिनजान रामेछाप कारागारमा रहँदा भएको थियो। जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईका अनुसार तीनै जनालाई नियन्त्रणमा लिएर चोरी तथा संगठित अपराध सम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाइएको छ।


## धनगढी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### सूचना प्रकाशित सम्बन्धमा

**प्रकाशित मिति २०८२/०९/१३**

उपरोक्त सम्बन्धमा यस धनगढी उपमहानगरपालिकाको तल उल्लेखित सूचना १ दिनको लागि मिति २०८२/१०/२६ गतेका दिन राष्ट्रिय दैनिक पत्रिकामा मितव्ययी तरिकाले प्रकाशित गरिदिन हुन अनुरोध छ।

यस धनगढी उपमहानगरपालिकाकाबाट ईच्छुक व्यक्ति, फर्म वा कम्पनीको जानकारीको लागि देहाय बमोजिमका सार्वजनिक सूचनाहरु प्रकाशित गरिएको छ। साथै तल उल्लेखित सूचनाको बिस्तृत बिवरण धनगढी उ.म.न.पा.को वेवसाइट dhangadhimun.gov.np बाट समेत पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ।

**सूचनाको विवरण**

| क. सं. | सूचनाको विवरण | प्रकाशित मिति |
|---|---|---|
| १. | चौफेरी काललाई बहालमा लगाउने सम्बन्धी विद्युतीय दरभाउपत्र वा हार्डकपी आव्हानको सूचना। ठेक्का न. R 2/DSMC/082/083 | तेश्रो पटक प्रकाशित मिति: २०८२/१०/२६ |



**Koshi Provincial Government**
## Ministry of Health
## Health Directorate
# Katari Hospital
Katari,Udayapur, Nepal

### INVITATION FOR BIDS (IFB)

**DATE OF PUBLICATION: 2082-10-26 B.S (2025-02-09A.D)**

Katari Hospital, **Udayapur** invites electronic bids from eligible bidders for following works under National Competitive Bidding (NCB) Single Stage Single Envelope Bidding Procedure. Some of the information are mentioned below. Bidder's may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp and Katari Hospital phone no-035450141, 9852838088.

| S. N. | Contract Identification No. | Description of works | Estimated Amount (With VAT & PS) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Document NRs. | Bidding Procedure | Last Date of Bid Submission | Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | KH/NCB/ WORKS/ 05/2082/83 | Construction Works for Maintenance of Katari Hospital, Katari Udayapur | 1,93,12,393.36 | 4,90,000 | 3,000 | Single-Stage: Single-Envelope | 12:00 noon on 11th March 2026 (2082/11/27) | 13:00 on 11th March 2026 (2082/11/27) |

**Acting Medical superintendent**



ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA !!

**मलेसियामा शुन्य लागतको रोजगार !!**

Free Visa, Free Ticket, Free Medical, Free Service Charge, Free Medical,
Free Land Transportation ( From Hometown to Airport)
फ्रि भिषा, फ्रि टिकट, फ्रि सेवा शुल्क, फ्रि मेडिकल, फ्रि बस सेवा (घरदेखि एयरपोर्टसम्म)

**रोजगारदाता कम्पनी : टेकवाह पेपर प्रोडक्ट्स बीएचडी.** **शहर : मलेसिया**
(Employer Company): TECKWAH PAPER PRODUCTS SDN BHD City : Malaysia

| पूर्व स्वीकृत मिति: | २०८२/१०/२३ | चलानी नं.: | ६०२५१९८८ | एल टि नं.: | ३३८५८७ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2026/02/06 | Invoice No.: | 60251988 | L.T. No.: | 338587 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट RM | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिधा Accommodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | मेसिन अपरेटर / सामान्य कामदार Machine Operator/ General Workers | ५ 5 | ० 0 | स. काममा दक्ष Skilled in related work | १७०० 1700 | ६२,३३९ 62,339 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**रोजगारदाता कम्पनी : टोम्प्याक इन्डस्ट्रियल बीएचडी.** **शहर : मलेसिया**
(Employer Company): TOMPAC INDUSTRIAL SDN BHD City : Malaysia

| पूर्व स्वीकृत मिति: | २०८२/१०/२३ | चलानी नं.: | ६०२५१९९१ | एल टि नं.: | ३३८५८८ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2026/02/06 | Invoice No.: | 60251991 | L.T. No.: | 338588 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट RM | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिधा Accommodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | मेसिन अपरेटर / सामान्य कामदार Machine Operator/ General Workers | २ 2 | ० 0 | स. काममा दक्ष Skilled in related work | १७०० 1700 | ६२,३३९ 62,339 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/ not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु.५०००/- रोजगारदाताले ब्यहोर्ने NPR 5000/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.२१००।- रोजगारदाताले ब्यहोर्ने NPR 2100/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

Teckwah Paper Products Sdn Bhd & Tompac Industrial Sdn Bhd Does Not Impose Any Recruitment/ Placement Fee For This Employment.
टेकवाह पेपर प्रोडक्ट्स एसडिएन. बिएचडी. र टोम्प्याक इन्डस्ट्रियल एसडिएन. बिएचडी.ले रोजगारको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन।

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गतेमा हुनेछ।**
**Interview will be held at Manpower Office Kathmandu on 16 February 2026.**

Note- नोट:
Applicants are requested to submit their application directly without Suring any mediator, applicants (Family) members Relatives/ Friends) are not required to make any payments for this Employment.
**आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विधा सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं। आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन।**
Applicant who has attained and selected in Pre–interview is only eligible for Final Interview.
**प्रि-अन्तर्वार्ता समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन।**

**वाई.के. मेनपावर एजेन्सी प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट वाई.के. मेनपावर एजेन्सी ले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।**
**Y.k. Manpower Agency Pvt. Ltd. does not have any branch or mediator representative. YK Manpower Agency P. Ltd is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.**

अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters

**कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध वाई.के.को स्वतन्त्र तेस्रो पार्टी हटलाइन नं +९७७- ९८०१००१७२७ मा वा ईमेल ykmanpoweragency@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस्। हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं।**
Feel free to report against fraud, illegal activities or corruption in YK's Independent Third-Party Hotline +977-9801001727 or email at **ykmanpoweragency@gmail.com**
We shall maintain your confidentiality.

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस बिज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.बिदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.बिदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा बिदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**Information provided by the Department of Foreign Employment(DOFE)** 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going aabroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tanchal.

Y. K. Manpower Agency Pvt. Ltd.
**वाई.के. मेनपावर एजेन्सी प्रा.लि.**
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: (+977-014599181, 014597116), +977 9801234995.
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com



**राहदानी हराएको सूचना**

मिति २०८१।०८।२३ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

नाम: RAJ KUMAR DAMAI
पूरानो राहदानी नं.: 09162553
ठेगाना: DHAMPUS, MACHHAPUCHHRE 7, KASKI
सम्पर्क: 9806559857



**मोटरसाईकल हराएको सूचना**

मिति २०८२/१०/१० गते काठमाडौं जिल्ला टोखा न. पा. वडा नं ६ धापासीबाट बा.प्र-०२-०५३ प ०७९३ नम्बरको रातो कालो रङको पल्सर 220 CC मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला।

सवारी धनी: गोपाल लामा
च्यासिस नं.: MD2A13EX1RCD81942
इन्जीन नं.: DKXCRD28318
सम्पर्क: ९८५१०८२८३१



# Musikot Municipality
## Office of the Municipal Executive
**Musikot, Rukum (West)**
**Karnali Province, Nepal**

### Invitation for Online Bids

**Date of Published : 2082.10.26 B.S. (2026.02.09 A.D.)**

Office of the Musikot Municipal Executive, Rukum (West) invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp. Bidder Must pay their Bid Document Fee through Musikot Municipalitie's Internal Revenue Portal or Municipalitie's Internal Revenue Bhauchar or Local Revenue Bhauchar.

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically 12.00 O'clock | Date of Bid Opening, 13.00 O'clock | Bid Security, NRs. | Estimated amount (Including VAT) | Account Details |
|---|---|---|---|---|---|---|---|
| NCB/MM/Ruk.W/W.1S1E.082/083/03 | Upgrading of Salle Panidhunga Kalicheuri Road | 3000 | 2082.11.27 2026.03.11 | 2082.11.27 2026.03.11 | 65,000 | 2503075.47 | Office Code: 801065903 Internal Revenue : 07703000001001000001 IR Shirshak : 14229 Dharauti : 07703000003000000001 |
| NCB/MM/Ruk.W/W.1S1E_082/083/04 | Construction of Mulpani Fulbari Gheukhola Road | 3000 | 2082.11.27 2026.03.11 | 2082.11.27 2026.03.11 | 65,000 | 2526221.33 | |
| SQ/MM/Ruk.W/W_082/083/03 | Construction of Infrastructure at A.G. Mandali (Paryatan Purbadhar) Musikot Rukum west | 1000 | 2082.11.12 2026.02.24 | 2082.11.12 2026.02.24 | 40,000 | 1560092.16 | |

**Chief Administrative Officer**

# 'शिक्षा क्षेत्रमा नवअरुणिमाको महत्वपूर्ण योगदान'




**काठमाडौं/मस–** अरुणिमा शैक्षिक प्रतिष्ठानअन्तर्गत सञ्चालित नवअरुणिमा माध्यमिक विद्यालय, आरुबारीको अभिभावक दिवस-२०८२ भव्य रूपमा सम्पन्न भएको छ । वरिष्ठ साहित्यकार ठाकुर शर्मा भण्डारीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका मेयर दीपक कुमार रिसाल, उपमेयर सान्नानी लामा तथा गोकर्णेश्वर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष राजिव थापा विशिष्ट अतिथिका रूपमा सहभागी थिए । साथै शिक्षा, साहित्य तथा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उल्लेख्य उपस्थिति रहेको थियो । विद्यालय प्रांगणमा आयोजित कार्यक्रममा नर्सरीदेखि कक्षा ९ सम्मका विद्यार्थीहरूले लोक तथा आधुनिक नृत्य, गायन, अर्केस्ट्रा, योग, तेक्वान्दो तथा सचेतनामूलक नाटक लगायतका विविध प्रस्तुतिहरू प्रदर्शन गरेका थिए ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अर्जुन प्रसाद दंगालले विद्यालयमा सञ्चालन हुँदै आएका प्रशासनिक, शैक्षिक तथा अतिरिक्त क्रियाकलापका समग्र गतिविधिबारे जानकारी गराएका थिए ।

यस्तै, अरुणिमा शैक्षिक प्रतिष्ठानका अध्यक्ष भिमानन्द ढुंगानाले विद्यालय स्थापनाकालमा स्थानीय समुदायले पुऱ्याएको योगदानको स्मरण गर्दै रमेश विकल, बुद्धि बहादुर थापा, विजय चालिसे, सनत कुमार रिसाल, पृथ्वीमान सिंह बस्नेत लगायतप्रति आभार व्यक्त गरेका थिए । साथै उनले निजी शैक्षिक गुठीको अवधारणाबारे प्रकाश पारेका थिए ।

नगर प्रमुख दीपक कुमार रिसालले नव अरुणिमा विद्यालयले उपत्यकाको पूर्वी भेगमा शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान दिँदै आएको उल्लेख गरे भने नगर उपप्रमुख सान्नानी लामाले नवअरुणिमालाई नगरपालिकाकै एक नमुना विद्यालयका रूपमा प्रस्तुत गरे ।

पूर्वविद्यार्थीहरूको तर्फबाट मन्तव्य राख्दै सञ्जिता चालिसेले नव अरुणिमाको विद्यार्थी हुनु गर्वको विषय भएको बताइन् ।

सोही अवसरमा क्रिकेटप्रति विशेष रुचि तथा क्षमता भएका विद्यार्थीहरूलाई अरुणिमा परोपकार प्रतिष्ठानअन्तर्गत सञ्चालित अमोद स्मृति क्रिकेट पुरस्कार कोषबाट नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि ठाकुर शर्मा भण्डारीले विद्यार्थीहरूले प्रस्तुत गरेका कार्यक्रमले विद्यालयले अध्यात्म, संस्कृति, चालचलन र परम्परासँग जोडिएको शिक्षा प्रदान गरिरहेको स्पष्ट रूपमा देखिएको धारणा राखे ।

कार्यक्रमका सभाध्यक्ष तथा नवअरुणिमा माध्यमिक विद्यालयका अध्यक्ष गोपाल प्रसाद बरालले गुणस्तरीय शिक्षामा विद्यालयले कुनै सम्झौता नगर्ने स्पष्ट पार्दै विद्यार्थी, अभिभावक र स्थानीय समुदायको सहकार्यमा विद्यालय अगाडि बढिरहेको बताए ।


## Bhadrapur Municipality
## Office of Municipal Executive

**Bhadrapur-Jhapa**
**Koshi Province, Nepal**

### Invitation for Bids (IFB): BDP/GOODS/SAMAJIKBIKASH/1/082/83

**First date of publication: Feb 9, 2026 (2082/10/26)**

1. **Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa** invites electronic bid from duly eligible and qualified registered bidders for the below mentioned works under National Competitive Bidding procedure. Some of the qualification criteria are mentioned below, though the details are in the bidding document. Bidding is open to all eligible national bidders.

| Sealed Quotation no | Description of Works | Estimated amount (With VAT) | Bid Security Amount (NRs.) |
|---|---|---|---|
| BDP/GOODS/SAMAJIKBIKASH/1/082/83 | Supply, delivery and modification of Assistive devices as per specifications. | 14,29,543.00 | 36,000.00 |

Name of the Bank : Rastriya Banijya Bank, Bhadrapur,Jhapa
Name of Office : Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa
Office Code no. : 80101112
Office Account no. : 2210100303000003 (For Security deposit)

2. A complete set of Bidding documents may be downloaded from the PPMO E-Portal- www.bolpatra.gov.np/egp (e-GP II)
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. Bid document amounting of Nrs. 1,000.00 should be purchased online from https://sutrarevenue.fcgo.gov.np/ with revenue code no: 14229 or may be purchased from municipality office.
5. General Information related to Electronic Bids are:

| Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity period |
|---|---|---|---|
| 2082/11/12, 12:00 at BDP Mun Jhapa | 2082/11/12, 1:00 PM at BDP Mun Jhapa | Minimum 45 days from the last date of bid submission. | Minimum 30 days beyond the bid validity period. |

**Bhadrapur Municipality**
**Office of the Municipal Executive**



## Ramechhap Municipality
## Office of the Municipal Executive

**Ramechhap Bazar, Ramechhap**
**Bagamati Pradesh, Nepal**

### Invitation for Bids

**Date of First Publication: 2082/10/26**

1. Ramechhap Municipality invites electronics bids from eligible bidders under the following contracts under National Competitive Bidding–Single Stage single Envelope Bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID no. | Description of Works/ Bid Type | Estimated amount (Without VAT) in NRs | Minimum Bid Security Amount in NRs/ Validity Period | Cost for bid documents in NRs. |
|---|---|---|---|---|
| RM/12/082/083 | Ramechhap Ra Saghutarma Krishi Hat Bajar Babsthapanka Lagi Truss Nirman Ramechhap Municipality-08 and 03 | 33,71,318.26 | Nrs.90,000.00 for 120 days | NRs. 3,000.00 |

Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ramechhap Municipality. Website: www.ramechhapmun.gov.np & Phone No. 048-400012/16. A complete set of bid document for bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office account as specified below. Name of the Bank: Rastiya Banijya Bank, Office Account no: 1020100301010002(For Bid Document), Office Account no : 1020100303000002 (For Bid Security deposit).

**Chief Administrative Officer**



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, भैरहवा शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/१०/२६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल भदौ महिना १९ गतेको "नेपाल समाचारपत्र" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल मंसिर महिना ९ गतेको "नागरिक" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| ऋणीहरूको नाम र ठेगाना : |
|---|
| सुर्यमान वैश्यतको नाति, गणेश मान वैश्यतको छोरा, पाल्पा जिल्ला, तानसेन उ.म.न.पा./गा.वि.स. वडा नं. २ बस्ने **संजय मान वैश्यत.....१** तथा प्रेम बहादुर श्रेष्ठको छोरी, संजयमान वैश्यतको श्रीमती, चितवन जिल्ला, भरतपुर गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **रीता श्रेष्ठ ....१** समेत जना २ । |
| **धितो सुरक्षणको विवरण :** |
| **संजय मान वैश्यत**को नाममा मालपोत कार्यालय भैरहवा रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका/गा.वि.स. वडा नं. ९ (नक्सा सिट नं ९ग) को कित्ता नं. १५१८ र १५२० को क्रमशः ०-०-४ र ०-०-७.५ (वि.क.धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय भैरहवामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल फाल्गुन महिना ११ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

मिति : २०८२ साल फाल्गुन महिना १३ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## मलेसियामा रोजगार

कम्पनी: KOP SECURITY AGENCY SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०१/२४ — चलानी नं.: ६०२३७२३२ — LT. No.: 323237 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1700 | ६२,३३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | 300 | छ | २ वर्ष |

कम्पनी: VERSATILE PROTECTION SDN.BHD. — शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०८२/०१/२६ — चलानी नं.: ६०२३७५४९ — LT. No.: 323536 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 15 | 0 | स. काममा दक्ष | 1700 | ६२,३३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | 300 | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Koperasi International Pvt. Ltd.**
श्रम इजाजत नं. १२८७/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tell.: 01-5912411
Mob: 9851023473 | Email: sarojoli208@gmail.com



## युएईमा रोजगार

कम्पनी : ALTAAJ ALBAEID PAINTING CONTRACTING CO LLC SOC — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/१०/२५ — चलानी नं.: ६०२५२०७८ — LT. No.: 338347

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Stone Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Labour | 1 | 0 | | 1200 | ४७,२९२ | | | | | | | |
| 3. | Concrete Masons | 2 | 0 | | 1500 | ५९,११५ | | | | | | | |
| 4. | Electricians | 3 | 0 | | 1500 | ५९,११५ | | | | | | | |
| 5. | General Building Painter | 3 | 0 | | 1500 | ५९,११५ | | | | | | | |

कम्पनी : DARJ ALQAMAR PLASTER WORKS — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/१०/२५ — चलानी नं.: ६०२५२०७९ — LT. No.: 338348

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Masons | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Carpenter General | 1 | 0 | | 1500 | ५९,११५ | | | | | | | |
| 3. | Electricians | 2 | 0 | | 1500 | ५९,११५ | | | | | | | |
| 4. | Plumber | 1 | 0 | | 1500 | ५९,११५ | | | | | | | |
| 5. | Stone Worker | 1 | 0 | | 1500 | ५९,११५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फगुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STAR BRIDGE H.R. SOLUTION PVT.LTD.**
Lic. No: 1592/079/080
Samakhushi, Town Planning-26, Kathmandu, Nepal, Tel. No.: +977-01-5919160
E-mail: starbridgehrsolution124@gmail.com



## कतारमा रोजगार

कम्पनी : BENCHMARK TRAD & CONT W.L.L. — शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८२/०५/१ — चलानी नं.: ६०२४७२२८ — LT. No.:329952 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plaster Worker (Mason) | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason General | 4 | 0 | | 1200 | ४७,५३२ | | | | | | | |
| 3. | Labour | 5 | 0 | | 1000 | ३९,६१० | | | | | | | |
| 4. | Brick Masons | 2 | 0 | | 1200 | ४७,५३२ | | | | | | | |
| 5. | Brick Mason/plaster Worker | 3 | 0 | | 1200 | ४७,५३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ४ गते (16 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
